म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १३, | अंक ३१८ | शुक्रबार १४ असार २०८१ | ने. सं. ११४४ तछलागा | 28 June 2024 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**तातोहावा "लु" का असर तथा लक्षण**

☞ हृदयको गति तीव्र हुने,
☞ श्वासप्रश्वास र रक्तचाप कम हुने,
☞ शरीरबाट पसिना ननिस्कने,
☞ टाउको अत्याधिक दुख्ने,
☞ चक्कर लाग्ने, अचेत हुने,
☞ १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
☞ छाला सुख्खा, रातो र तातो हुने,
यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# एसईईमा मकवानपुरका २ हजार ९८ उत्तीर्ण

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजामा चित्त नबुझे अनलाइनबाटै पुनर्योगका लागि निवेदन दिन सकिने भएको छ । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रकको कार्यालयले यस वर्षदेखि रिटोटलिङका लागि अनलाइनबाटै निवेदन दिन सकिने व्यवस्था गरेको हो ।

कुन माध्यमबाट कसरी अनलाइन आवेदन दिने भन्ने खुलाइएको छैन । यसबारे बोर्डले छिट्टै सूचना जारी गरेर जानकारी दिने बोर्डले जनाएको छ । साथै शिक्षक विकास तथा समन्वय इकाई वा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा पनि सोझै निवेदन दिन सकिने छ । रिटोटलिङका लागि नतिजा प्रकाशन भएको १५ दिनभित्र निवेदन दिइसक्नुपर्ने हुन्छ । परीक्षाफल चित्त नबुझे, नतिजा नखुले, अनुपस्थित देखाए वा प्राक्टिकल मार्क्स नदेखाए रिटोटलिङ गर्न सकिनेछ ।



माध्यमिक शिक्षा परीक्षामा मकवानपुरका २ हजार ९८ जना विद्यार्थी कक्षा ११ भर्ना हुन योग्य भएका छन् । परीक्षा बोर्डले बिहिबार सार्वजनिक गरेको नतीजा अनुसार मकवानपुरबाट एसईईमा सहभागी ५ हजार ७ सय ५२ परीक्षार्थीमध्ये २ हजार ९८ जना (३६.४७ प्रतिशत) ११ कक्षा भर्नाहुन योग्य भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर प्रमुख दिनानाथ गौतमले बताए ।

मकवानपुरको नतीजा राष्ट्रिय नतीजा भन्दा कमजोर देखिएको छ । राष्ट्रिय नतीजाअनुसार ४७.८६ प्रतिशत विद्यार्थी कक्षा ११ मा भर्ना हुन योग्य छन् । मकवानपुरबाट एसईईमा सहभागी ३ हजार ६ सय ५४ जना विद्यार्थी कक्षा ११ भर्ना नपाउने (नन ग्रेडेड) भएका छन् । मकवानपुरबाट जीपीए ३.६ देखि ४ सम्म हासिल गर्ने २ सय ५८ जना, जीपीए ३.२ देखि ३.६ हासिल गर्ने ५ सय ९२ जना, जीपीए २.८ देखि ३.२ हासिल गर्ने ७ सय ६५ जना, जीपीए २.४ देखि २.८ हासिल गर्ने ४ सय ५१ जना, जीपीए २.० देखि २.४ हासिल गर्ने ३२ जना रहेको इकाईप्रमुख गौतमले जानकारी दिए ।

एसईईमा एउटा विषयमा मात्रै एनजी हुने ७ सय ३० जना र २ वटा विषयमा एजी हुने ६ सय २५ विद्यार्थी छन् । २ वटा विषयसम्म एनजी हुने विद्यार्थीले ग्रेडवृद्धिका लागि मौका परीक्षा दिन पाउनेछन् । राष्ट्रिय परीक्षा बोर्डले आगामी साउन १८ र १९ गते ग्रेडवृद्धि परीक्षाको तालिका समेत सार्वजनिक गरेको छ ।

हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कुल हेटौंडाकी छात्रा रीतिका छत्कुली एसईई परीक्षामा मकवानपुर जिल्ला प्रथम भएकी छन् । शिक्षा विकास तथा समन्वय इकाईं मकवानपुरका अनुसार उनी जिल्लाबाट परीक्षामा सहभागी ५ हजार ७ सय ५२ जनामध्ये उत्कृष्ट भएकी हुन् । उनी देशभरको सर्वोत्कृष्ट १८६ विद्यार्थीमध्ये समेत पर्न सफल भएकी हुन् ।

मनहरी गाउँपालिकाभित्रका तीनवटा सामुदायिक विद्यालयका एकजना विद्यार्थीले पनि एसईई परीक्षा उत्तीर्ण गरेनन् । मनहरी गाउँपालिका-२ को सीता मावि, वडा नं ३ को महेन्द्रज्योति मावि र वडा नं ४ को पशुपतिनाथ मावि यो वर्षको नतिजामा निल देखिएको हो । राष्ट्रिय रोटरी माविबाट १०६ जना परीक्षार्थीमा २९ जनाले एसईई पास गरेका हुन् । मनहरी-८ को महेन्द्रकिरण माविका ८९ जनामध्ये १९ जना उत्तीर्ण भएका छन् । बालजीवनज्योति माविका ४६ जनामा ७ जना पास भएका छन् । मनहरी-५ को भोजसिद्ध माविबाट २९ जनाले परीक्षा दिएकोमा १ जना उत्तीर्ण भएका छन् ।

पालिकाभरबाट कूल ४७७ परीक्षार्थीले परीक्षा दिएकोमा ११३ जना मात्रै उत्तीर्ण भएका हुन् । पास प्रतिशत २३ दशमलव ६९ मात्रै रहेको छ । यस्तै कैलाश गाउँपालिकाभित्रका २ वटा सामुदायिक विद्यालय निल गएको छ । कैलाश गाउँपालिकाभित्रका १९९ जनाले परीक्षा दिएकोमा ११ जना मात्र पास भएका छन् । एसईईको नतिजामा ग्रामीण क्षेत्रका विद्यालय कमजोर देखिएका छन् ।

थाहा नगरपालिकाको २८.९६ प्रतिशत परीक्षार्थी एसइई उत्तीर्ण भएका छन् । परीक्षामा थाहाका विभिन्न १७ विद्यालयबाट ५ सय ११ परीक्षार्थीले परीक्षा दिएकोमा १ सय ४८ परीक्षार्थी मात्र उत्तीर्ण भएका हुन् । पालुङ इङ्लिस आवासीय माविबाट ८१.८२ प्रतिशत, सरस्वती विद्यामन्दिर बज्रवाराहीबाट ७० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । सामुदायिकतर्फ सबैभन्दा बढी नाट्यश्वर मावि टौखेलबाट ४५.४५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

थाहामा सबैभन्दा कम विद्यार्थी उत्तीर्ण मत्स्यनारायण माविको भएको छ । मत्स्यनारायणबाट ८.३३ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् । नगरमै सबैभन्दा बढी ७३ जना विद्यार्थी एसइई परीक्षामा सहभागी गराउने बागेश्वरी माविबाट २५ जना उत्तीर्ण भएका छन् । सबैभन्दा कम पालुङ मोडर्न इङ्लिस स्कूलले ५ जना सहभागी गराएकोमा २ जना उत्तीर्ण भएका छन् ।

# पथलैया-हेटौंडा सडक एक साताभित्र तयार हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ पथलैया-हटौंडा सडक खण्डअन्तर्गत आधाभार क्षेत्रमा निर्माणाधीन दुई किलोमिटर दूरीको सडक एकसाताभित्र तयार हुने भएको छ । सडक डिभिजन कार्यालय हेटौंडाले उच्चभारवहन क्षमताको सडक एकसाताभित्रै कालोपत्र सम्पन्न हुने जनाएको हो ।



कार्यालयका सूचना अधिकारी रमेश पाण्डेले पथलैया-हेटौंडा खण्डमा वीरगञ्ज भन्सार कार्यालय हुँदै आउने अत्यधिक भार बहन गरेका मालबाहक सवारी साधनले सडक धसिने समस्याको अन्त्य गर्न पहिलोचरणमा दुई किमि खण्डमा नमुना सडकका रुपमा स्तरोन्नति गर्न लागेको बताए । 'यो खण्डमा अत्यधिक भारका सवारी सञ्चालन हुने भएकाले सडक धसिने समस्या देखिँदै आइरहेको छ ।

पहिलो चरणमा पथलैया-हेटौंडा खण्डको आधाभार क्षेत्रमा नमुना सडक स्तरोन्नति अगाडि बढाएका थियौं,' सूचना अधिकारी पाण्डले भने, 'अहिलेसम्म दुई लेनको एक हजार दुईसय मिटर सडक तयार भइसकेको छ । बाँकी आठ सय मिटर पहिलो चरणमा कालोपत्र (डीबीएम) भइसकेको छ । दोस्रो चरणको अस्फाल्ट कालोपत्र गर्ने काम दुई-तीन दिनभित्रै सम्पन्न गर्ने लक्ष्य राखेका छौं ।,'

उनले वर्षा सुरु भएर पानी पर्न थालेकाले पनि केही दिन काम प्रभावित भइरहेको बताए । यो खण्डको सडकको भौतिक प्रगति ८० प्रतिशत भइसकेको छ । गत माघ २२ गते सडक डिभिजन हेटौंडा र चौधरी निर्माण सेवाबीच ठेक्का सम्झौता भएको थियो । यो आयोजनाको लागत चार करोड १२ लाख १७ हजार तीन सय ४८ रहेको छ । ठेक्का सम्झौता अनुसार गत जेठ ३० गतेभित्रै निर्माण सम्पन्न हुनुपर्नेमा निर्माण व्यवसायीको ढिलासुस्तीका केही समय ढिला भएको सूचना अधिकारी पाण्डेको भनाइ छ ।

उनले यो प्रविधिको कालोपत्र गर्दा सडक लामो समयसम्म दिगो र टिकाउ हुने दाबी गरे । 'हामीले परीक्षणको क्रममा भीएस ४० ग्रेडको बिटुमिन प्रयोग गरेर सडक कालोपत्र गर्दैछौं । यो सडक कालोपत्र राम्रो भएको खण्डमा अन्य ठाउँमा पनि विस्तार गर्ने योजना छ,' सूचना अधिकारी पाण्डले भने, 'यो खण्डको सडक पहिलो चरणमा डीबीएम कालोपत्र र दोस्रो चरणमा अस्फाल्ट कालोपत्र गरिनेछ । यो प्रविधिले सडक भासिने समस्याको पनि अन्त्य गर्ने विश्वास गरेका छौं ।,'

# मकवानपुरमा ३३० किलो गाँजासहित ३ जना पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले फरक-फरक ठाँउबाट ३ सय ३० किलो लागूऔषध गाँजासहित ३ जनालाई नियन्त्रणमा लिएको छ ।

मकवानपुरको भीमफेदी गाउँपालिका-१ सामरीपुल नजिकैबाट १७५ किलो गाँजासहित १ जना र हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट १५५ किलो गाँजा सहित २ जनालाई नियन्त्रणमा लिइएको मकवानपुर प्रहरीले जनाएको छ । प्रहरीका अनुसार भीमफेदीबाट १७५ किलो गाँजासहित हेटौंडा उपमहानगरपालिका-४ बस्ने वर्ष ५१ को पूर्णबहादुर रुम्बालाई नियन्त्रणमा लिइएको हो । हेटौंडा-१५ बाट १५५ किलो गाँजासहित चितवन राप्ती नगरपालिका-२ गड्यौली बस्ने वर्ष ३६ को सुनिल मुक्तान र राप्ती-१ लोथर बस्ने वर्ष २० को अनिल भन्ने धनबहादुर स्याङतानलाई नियन्त्रणमा लिइएको हो ।

भीमफेदी-१ मा बा.३ ख ४६१ नम्बरको मिनी ट्रकमा गाँजा लुकाई छिपाई ल्याएको छ भन्ने सूचनाको आधारमा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले चेक गर्दा ट्रकको पछाडिपट्टी मुनी फल्स बटम बनाई लुकाइछिपाई राखेको अबस्थामा गाँजा १७५ किलो बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीटोलीले ट्रक र ट्रकचालक रुम्बालाई गाँजासहित नियन्त्रणमा लिएको हो । यसबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यसैगरी चितवनबाट पथलैयातर्फ जाँदै गरेको ना.५ ख १११८ नम्बरको डिब्बा ट्रकलाई हेटौंडा-१५ रातोमाटेमा चेक गर्दा हुटमा फल्स बटम बनाई लुकाईछिपाई राखेको अवस्थामा १६ पोकामा १५५ किलो गाँजा बरामद भएको प्रहरीले जानकारी दिएको छ । प्रहरीले ट्रकसहित ट्रकचालक मुक्तान र ट्रकमा सवार स्याङ्तानलाई गाँजा सहित नियन्त्रणमा लिएको हो ।

# पाठेघरको मुख तथा स्तनको क्यान्सरबारे अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ हेटौंडामा पाठेघरको मुखको तथा स्तन क्यान्सरसम्बन्धी अन्तरक्रिया भएको छ । स्वास्थ्य मन्त्रालय अन्तरगत राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चारकेन्द्र र सञ्जीवनी हेल्थ मिडियाको संयुक्त आयोजनामा कार्यक्रम भएको हो ।

कार्यक्रममा स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुख डा. खगेश्वर गेलालले प्रदेशमा पाठेघरको मुखको तथा स्तनको क्यान्सरको स्थितिबारे आफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए । त्यस्तै स्वास्थ्य निर्देशनालयका सजना साखले यी दुई किसिमका क्यान्सर संक्रमणको संख्या नेपालमा बढ्दो क्रममा रहेको बताइन् । आफ्नो कार्यपत्रमा क्यान्सर के हो, यसको जोखिम, न्यूनीकरणको प्रयास, उपचार, लक्षणबारे जानकारी दिएकी थिइन् ।

नेपालमा ३० देखि ५० वर्ष उमेर समूहका महिलामा क्यान्सरको संख्या बढी रहेको तथ्यांक रहेको उनले बताइन् । कार्यक्रममा निर्देशनालयका सतिश विष्ठले प्रदेशभित्र विभिन्न स्वास्थ्य कार्यालयमा यस सम्बन्धी अभियानहरु र सूचनाहरु प्रवाह गरिरहेको बताए । कार्यक्रममा स्वास्थ्य पत्रकार मञ्चका निवर्तमान अध्यक्ष एवम् सञ्जीवनी हेल्थ मिडियाका सञ्चालक रामप्रसाद न्यौपानेले सञ्चारकर्मीले स्वास्थ्यसम्बन्धी समाचार रिर्पोटिङ गर्दा धेरै विषयमा ध्यान दिनुपर्ने बताए ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्धारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट-२०५२
HETAUDA SCHOOL OF MANAGEMENT-1995

Hetauda School of Management
"कडा अनुशासन, स्तरीय शिक्षा"

**CONGRATULATIONS!**



to all SEE Graduates

We are proud of your achievements!

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# असारे विकासलाई निरन्तरता

वर्षभरि निदाउने र असार लाग्न लागेपछि हतारहतार गरेर सबै काम सक्काउने परम्परा पुरानै हो । बर्तमान सरकारले पनि यही परम्परालाई निरन्तरता दिएको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजन गरेको बजेटको ५१ प्रतिशत मात्र खर्च गरेको पाइएको छ । चालु आव सकिन एक महिना बाँकी हुँदा गएको जेठ महिनासम्ममा प्रदेश सरकारको ३२ अर्ब २९ करोड ८१ लाख ८१ हजार ४५३ रुपैयाँ अर्थात् ५१.५१ प्रतिशत खर्च भएको हो । यो समयमा भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च जम्मा ५३ प्रतिशत मात्र रहेको छ । सामाजिक विकास मन्त्रालयको खर्च ५४ प्रतिशत भएको छ भने वन तथा वातावरण मन्त्रालयको खर्च ५० प्रतिशत मात्रै भएको मन्त्रालयको सूचनामा देखिन्छ । स्वास्थ्य मत्रालयको बजेट खर्च जेठ मसान्तसम्ममा ५८ प्रतिशत भएको छ । श्रम रोजगार तथा यातायात मन्त्रालयको ४३ प्रतिशत खर्च भएको देखिन्छ । प्रदेश सरकारले चालु आवका लागि कुल ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँ बजेट विनियोजन गरेकोमा गत वैशाख मसान्तसम्ममा ४१ प्रतिशत र चैत मसान्तसम्ममा ३५ प्रतिशतभन्दा कम खर्च भएको थियो ।

प्रदेश सरकारले चालु आवको वैशाखसम्ममा कुल बजेटको ४१.२६ प्रतिशत अर्थात् २५ अर्ब ८७ करोड ६१ लाख १० हजार ८५३ रुपैयाँ खर्च गरेको थियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको बजेट खर्च ३४ प्रतिशत भन्दा माथि जान सकेको छैन । हाम्रो उब्जाउ हुने खेत, पाखोबारी बाँझै राख्ने र भारतीय मुलुकबाट तरकारी, खाद्यान्न, फलफूल, दलहन, तेलहन सबै आयात गर्ने प्रबृत्तिको विकास भएको छ । आफ्नै उत्पादनले छाक टार्ने परिवारको संख्या न्यून बन्दै गएको अवस्थामा कृषिक्रान्तिका जति ठूला नारा लगाएपनि सरकारको कार्यक्रम प्रभावकारी बन्न सकेको छैन । कृषिप्रधान मुलुकको अवस्था परिवर्तन गर्ने भन्दा पनि भारतीय उत्पादन उपभोग गर्ने नीति अवलम्बन भएको देखिन्छ । पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयको बजेट खर्च ४३ प्रतिशत मात्र प्रगति भएको देखिन्छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयको खर्च ४० प्रतिशत मात्र भएको छ । खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालयको खर्च ५३ प्रतिशत भएको देखिन्छ । असार लागेपछि रातारात बजेट खर्च गर्ने पुरानै प्रबृत्ति हरेक वर्ष दोहोरिने गरेको छ । समयमा गुणस्तरीय काम गर्ने भन्दा पनि वर्ष भरि चुपचाप बस्ने रअसार लागेपछि हतारहतार काम गर्ने पुरानै प्रबृत्तिबाट प्रदेश सरकार पनि अछुतो रहन सकेको छैन । चालु आवका लागि चालुतर्फ २६ अर्ब ४२ करोड १२ लाख ४५ हजार, पुँजीगततर्फ ३५ अर्ब ७८ करोड ७८ लाख ३३ हजार र वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरिएको थियो । बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले गत जेठ महिनासम्ममा पुँजीगततर्फ ५०.३१ प्रतिशत चालुतर्फ ५४.११ प्रतिशत खर्च भएको जनाएको छ ।

गत वैशाख महिनासम्ममा पुँजीगततर्फ ३८.३८ प्रतिशत, चालुतर्फ ४५.९५ प्रतिशत खर्च भएको थियो । बजेट खर्चमा कमजोर रहेको प्रदेश सरकारले वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको बजेट खर्च भएको छैन । वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको बजेट विगतका वर्षमा खर्च अनुसार उपलब्धि नदेखिएकाले चालु आवमा खर्च नगरिएको जनाउँदै आएको मन्त्रालयले आगामी आवमा पनि वित्तीय व्यवस्थातर्फ विनियोजन गरेको छ । काम सम्पन्न भएका योजनाको बिल भुक्तानी, बिल फरफारकलगायतका काम असार महिनामा पनि हुने र खर्च प्रतिशत बढ्ने मन्त्रालयको दाबी छ । समीक्षा अवधिमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको खर्च जम्माजम्मी १० प्रतिशत मात्र भएको देखिन्छ । यसो हुनुमा बजेट बनाउने र बजेट खर्च गर्ने दुबैपक्षको दोष रहेको बिज्ञहरुले बताएका छन् । खर्च गर्ने नसक्ने बजेट बनाउने पनि दोषी हुने र बनाएको बजेट समयमा खर्च नगरी असार लागेपछि हताहतारमा खर्च गर्ने प्रबृत्ति दुबै दोषी भएको बिज्ञहरुको टिप्पणी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार १५ गते शनिबार २९ जुन २०२४ । अष्टमी, आषाढ कृष्णपक्ष । तछलागा ११४४ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ७:०२ । दही-चिउरा खाने दिन । राष्ट्रिय धान दिवस (रोपाईं महोत्सव ) । भल-भल अष्टमी । देवपाटनमा त्रिशूलजात्रा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सञ्चित धन खर्च हुनेछ | तुला | : सहमतिका कार्यहरु हुनेछन् |
| वृष | : आफन्तले कुरा काट्नेछन् | वृश्चिक | : नयाँ कार्य सम्पन्न हुनेछ |
| मिथुन | : आत्मविश्वास बढ्नेछ | धनु | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| कर्कट | : आफन्तको सहयोग मिल्नेछ | मकर | : सन्तानबाट सन्तोष मिल्नेछ |
| सिंह | : मान, प्रतिष्ठा बढ्नेछ | कुम्भ | : विवाद पर्न सक्नेछ |
| कन्या | : कार्यमा सफलता मिल्नेछ | मीन | : दाम्पत्य सुख मिल्नेछ |

# महाधिवेशनबाट एकीकृत समाजवादीले पहिल्याउनुपर्ने बाटो



✍ई. उमेश रूपाखेती

इतिहास, सैर्ष र सङ्गठन निर्माणको आधार फरक भए पनि नेपालका मुख्य दलले हाल एकै प्रकारको व्यवहार गरिरहेका छन् । देशभर कतै पनि शासकीय शैलीमा खासै अन्तर पाउन सकिएको छैन । समाजवादी कोणबाट मूल्याङ्कन गरेर हेर्दा कुनै पनि दलबाट चुनाव जितेका स्थानीय तहका प्रमुखहरूले उदाहरणीय कार्य प्रदर्शन गर्न सकेका छैनन् । समान व्यवहार भएका पार्टीहरूलाई हामीले फरक नाममा देख्नु र व्यहोर्नु परिरहेको छ ।

पार्टीहरूबीच दस्तावेजमा भेद भए पनि संगठन संरचना र कार्यप्रणालीमा फरक छुट्याउन गाह्रो भएकोले नेता, कार्यकर्ता, मतदाता र सर्वसाधारणले सबै जोगी उस्तै हुन् भनेर आलोचना गरिरहेका छन् । गर्वपूर्ण इतिहास भएका र तुलनात्मक रूपमा नैतिकवान् जीवन बाँचेका नेताहरूले आह्वान गर्दा समेत पार्टीहरूको संगठनप्रति जनताको ठूलो पंक्तिलाई आकर्षित गर्न सकिएको छैन । नेपालका कम्युनिस्ट घटकले समाजवाद र साम्यवादी सपनाको प्रचारप्रसार सहित सङ्गठनको बीउ रोपेका हुन् । तिनैमध्येको नेकपा माले र नेकपा मार्क्सवादी मिलेर नेकपा एमाले बनेपछि नेपाली समाजमा कम्युनिस्टहरूको जनमतमा गुणात्मक वृद्धि भयो ।

एमालेले २०४८ सालको चुनावमा हस्तक्षेपकारी विजय हासिल गऱ्यो र २०५१ को अल्पमतको सरकारका केही लोकप्रिय कार्य मार्फत सङ्गठन विस्तारमा छलाङ मार्न सफल भयो । त्यसैको जगमा २०७४ सालसम्म विभिन्न चुनावमा प्रभावशाली उपस्थिति देखाउन सफल भइरह्यो । तर प्रत्यक्ष/अप्रत्यक्ष रूपमा करिब तीन दशकदेखि सत्तामा रहेको, प्रगतिशील एजेन्डाहरूको जगमा बनेको त्यो पार्टीले मुख्यत: चुनावकेन्द्रित सङ्गठन संरचना बनाएको कारण घोषित एजेन्डाभन्दा फरक कार्य गरेर समाजमा थप विरोधाभास र जटिलता सिर्जना गराएको छ ।

शक्तिशाली नेकपाकै नेतृत्व गर्न पाउँदा समेत एमालेले मुलुकलाई प्रगतिशील एजेण्डामा निर्णायक रूपले अगाडि बढाउन सकेन । एमालेले आफ्नो आन्तरिक जीवनमा आएको दक्षिणपन्थी अवसरवादको प्रभाव र चुनौतीलाई सही रूपमा पहिचान गर्न सकेको देखिंदैन । आजको एमालेको शैलीले आन्तरिक संगठन परिचालित हुने तर अपेक्षित परिणाम दिन नसकेर अन्तरविरोधमा फस्ने पुरानै रोगलाई मलजल गर्ने सम्भावना देखिएको छ ।

'जनयुद्ध'को जगमा देशव्यापी सङ्गठन विस्तार गरेको नेकपा (माओवादी केन्द्र)को सङ्गठन संरचना विघटन र पुन: गठन भएर आजको दिनमा आइपुग्दा पनि घोषित लक्ष्य प्राप्तितर्फ जाने सम्भावना देखिंदैन । गणतन्त्र घोषणाको समयमा देशव्यापी रूपमा प्रतिबद्ध कार्यकर्ता भएको माओवादी सङ्गठन गणतन्त्रपछिको १६ वर्ष (२०८१) मा आइपुग्दा एमालेको फोटोकपी संरचना बनाउन संघर्ष गर्दैछ र सत्ताको केन्द्रमा रहनको लागि जुनसुकै प्रकारको सम्झौता गर्दै आइरहेको छ ।

सामान्यत: दलहरूमा नेतृत्व विकासको स्वचालित र विश्वसनीय प्रक्रिया नभएको तथ्यले देखाउँछ । आवधिक निर्वाचनहरूमा उम्मेद्वार हुनका लागि केही सीमित गुटका मुख्य नेताको खल्तीमा भएको नाम भएको हुनुपर्छ । दलहरूले संस्थागत छलफलको सट्टा मुख्य नेताको इच्छा अनुसार निर्णय गर्छन्, व्यापारी र चन्दादाता प्राथमिकतामा छन् । राज्य सञ्चालनको अवसर पाएका अधिकांशको जीवन अपारदर्शी छ । हरेक पार्टीभित्रै अस्वस्थ प्रतिस्पर्धा छ । अधिकांश राजनीतिक नियुक्तिमा नेताको वरिपरि घुम्ने गणेश प्रवृत्तिका मानिस, व्यापारी र नेताका नातेदारले अवसर पाउँछन् ।

समाजको अधिकांश संरचनामा दलीय पहिचानको भद्दा उपस्थिति छ । अधिकांश युवाहरूलाई कमिसनमा लिप्त हुने भ्रष्ट-योद्धा बनाइएको छ । पार्टीका विभागहरू भक्तहरू तयार गर्ने मञ्चको रूपमा विकास गरिएको छ । पार्टीहरूले न अन्तरपार्टी समस्याको अध्ययन गर्छन् न त देशकै समस्याको अध्ययन गरेर वास्तविक समाधान खोज्छन् । मूलत: पार्टीहरूको संगठन संरचना र कार्यप्रणालीले भरोसायोग्य परिणाम दिनसकेको छैन ।

नेपालमा पार्टीहरूको आन्तरिक संरचना र कार्यप्रणालीमै समस्या भएकोले अनेकौं जटिलता सृजना भएको देखिन्छ । पार्टीहरू आन्तरिक रूपमा समस्याग्रस्त हुने, समस्याग्रस्त पार्टीले सत्ता सञ्चालन गर्ने र जनमुखी परिणाम प्राप्त नहुने अवस्थामा समाजमा थप नैराश्यता उत्पन्न हुँदै जान्छ र यसले राष्ट्रिय क्षमतालाई समेत कमजोर बनाउँदै लैजान्छ । उपरोक्त समस्याबाट मुक्त हुने प्रतिबद्धता सहित पुनर्गठन भएको नेकपा एकीकृत समाजवादीले स्थापनाको ३३ महिनासम्म आइपुग्दा समेत पुराना विरोधाभासहरू बोकिरहेकोले महाधिवेशन मार्फत नयाँ बाटो पहिल्याउनु सान्दर्भिक हुन्छ ।

**प्रस्थानविन्दु**

१०औं महाधिवेशनमा प्रस्तुत गर्ने प्रयोजन तथा बहसको लागि सार्वजनिक गरिएको एकीकृत समाजवादीको राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव र नेपाली विशेषता सहितको समाजवादी कार्यक्रमको 'मस्यौदा दस्तावेज' आद्योपान्त अध्ययन गर्दा पार्टीको वर्तमान सचिवालय अझै पनि होशमा आउन बाँकी रहेको अनुमान गर्न सकिन्छ ।

मस्यौदा दस्तावेजको व्याकरणीय शुद्धता र अन्य सम्पादकीय पक्ष अत्यन्त कमजोर रहेको छ । उदाहरणको लागि नेपालको भौगोलिक क्षेत्रफल समेत गलत लेखिएको सन्दर्भ लिन सकिन्छ । मस्यौदाको कुनै पनि खण्डमा सूचनाप्रविधिको विकासको कारण विकसित भएको पूँजीवादी शोषणको नयाँ स्वरूप र कृत्रिम बौद्धिकता प्रयोगको कारण समाजमा आइरहेको आधारभूत परिवर्तनलाई यथेष्ट स्थान दिइएको छैन ।

राजनीतिक प्रतिवेदनले पहिल्याएको वैचारिक, राजनीतिक र संगठनात्मक कार्यभार, सांगठनिक प्रस्ताव अन्तर्गत केलाइएका आन्तरिक समस्या, चुनौती एवं समाधानको उपायहरू तथा नेपाली विशेषताको समाजवादी कार्यक्रमभित्र स्पष्ट पारिएको नेपाली क्रान्तिको बाटो एवं क्रान्तिको कार्यदिशा तथा तीन प्रमुख सम्बलहरू यस दस्तावेजको महत्वपूर्ण निष्कर्षहरू हुन् ।

यसभित्र जनताको बहुदलीय जनवादी कार्यक्रमको राजनीतिक लक्ष्य प्राप्त भएको तर आर्थिक तथा सांस्कृतिक लक्ष्यमा काम गर्न बाँकी रहेकोले समाजवादी कार्यक्रममा दुईवटा लक्ष्यको निरन्तरता रहनेछ भनिएको छ । तर दस्तावेजले नेपाली समाजको चरित्रलाई सही रूपमा ठम्याएको भए पनि समाजवादी क्रान्तिको लागि आवश्यक पर्ने पत्यारिलो कार्यक्रम दिनसकेको देखिंदैन ।

शीर्ष नेतृत्व, विशेषगरी सम्मानित नेता झलनाथ खनालबाट नेपाली विशेषताको समाजवादी कार्यक्रमको प्राधिकार आफूमा रहेको दाबी तथा महासचिव घनश्याम भुसालबाट नयाँ विचारको नेतृत्व गरिरहेको दाबीको बीच अध्यक्ष माधवकुमार नेपालबाट पछिल्लो दिनमा मस्यौदा दस्तावेजको महिमामण्डन गर्ने शैलीमा आएको अभिव्यक्तिले कार्यकर्ताहरूलाई रिंगटा लाग्ने अवस्था सृजना भएको छ । मस्यौदा दस्तावेज यति भद्दा छ कि यसका कतिपय हरफहरू सम्पादन गरेर हटाइदिए हुन्छ ।

अघिल्लो बुँदाको सम्बन्ध पछिल्लो बुँदासँग नभएको र शीर्षक/उपशीर्षकभित्र संगति नभएका विषयमा हरफहरू लेखिएका अनेकौं उदाहरण छन् । नेपाली विशेषताको समाजवादी कार्यक्रमको ठोस रूप पूरा पढिसकेपछि एकीकृत समाजवादीकै नेतृत्वमा समाजवादी क्रान्तितर्फ अगाडि बढिएला त भनेर प्रश्न उठाउन सकिने प्रशस्त ठाउँ छ ।

दस्तावेजमा समाजवादी राज्य व्यवस्थाको परिकल्पना गर्दै उद्योग, कृषि तथा पशुपालन, सिंचाइ सुविधा, वैज्ञानिक नापी र भूमिको विकास, शिक्षा, स्वास्थ्य, जलस्रोत र ऊर्जा, यातायात, हवाई, जलमार्ग, पर्यटन, सूचना तथा संचार, खेलकुद, जेल सुधार, राष्ट्रिय वन तथा वातावरण, खानेपानी, पारवहन, हिमालय संरक्षण, प्रकोप व्यवस्थापन, वैज्ञानिक अन्वेषण र अन्तरिक्ष विकास, सुशासन, शहर, सेना, न्यायप्रणाली, सामाजिक सुरक्ष, धार्मिक स्वतन्त्रता, छुवाछूत, जाति र भाषा, समाजवादी संस्कृति र विदेश नीति तथा अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा 'गरिनेछ' वाला बुँदाहरू राखिएको छ ।

उपरोक्त खण्डहरू अध्ययन गर्दा समाजवादी कार्यक्रमको ठोस रूपहरू पढिरहेको होइन कि नेपाल सरकारले वार्षिक रूपमा प्रस्तुत गर्दै आएको नीति तथा कार्यक्रम र केही वामपन्थी भनिएका पार्टीहरूको घोषणापत्रको सारसंग्रह पढिरहेको महसुस हुन्छ ।

समाजवादी कार्यक्रमको ठोस रूप भनेर दावी गरिएको खण्डमा नेपालको भौतिक पूर्वाधार विकासका विभिन्न पक्षहरू र त्यसको बहुआयामिक अन्तरसम्बन्धलाई नजरअन्दाज गरिएको छ । यातायातको विकास खण्डमा प्रस्तुत गरिएका बुँदाहरू नै खारेजयोग्य प्रकृतिका छन् । जलस्रोत र ऊर्जा खण्डमा ग्याँस, पेट्रोल, युरेनियम जस्ता प्राकृतिक स्रोतले स्थान पाएका छैनन् जबकि देशमा पेट्रोल र ग्याँसको उत्खनन् र अन्वेषण भइरहको छ र देशभित्र रहेको युरेनियममा विदेशी चासो रहेको विषय सार्वजनिक भइरहेको छ । नेपालको भौतिक पूर्वाधार विकासको ढाँचामा अलमल गरेर आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने उद्घोष गर्दा कसैले पत्याउँदैन ।

मस्यौदा दस्तावेजको संगठनात्मक प्रस्ताव अन्तर्गत एकातर्फ पार्टी नेतृत्वमा पुग्ने तेस्रो बाटोको कल्पना गरिएको छ भने अर्कोतिर विधानमा विभिन्न तगारोहरू खडा गर्दै पार्टीको संगठित सदस्यता प्राप्त गरेको करिब ३५ वर्षपछि मात्र पार्टीको मूल नेतृत्वमा प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था गरिएको छ । प्रस्तावित विधान अनुसार २५ वर्ष पुगेको कुनै युवा संगठित सदस्यले सरासर हरेक माथिल्लो कमिटीमा स्थान बनाउँदै जाँदा पनि ६० वर्षको उमेरमा बल्ल पार्टी नेतृत्वमा प्रतिस्पर्धा गर्न पाउँछ । महाधिवेशन प्रतिनिधिलाई केन्द्रीय सदस्यको उम्मेदवार हुनको लागि कडा शर्त तोकिनु, एक कार्यकालको केन्द्रीय सदस्यलाई पार्टीको पदाधिकारीमा प्रतिस्पर्धा गर्न वञ्चित गराइनु जस्ता प्रावधानहरू 'तेस्रो बाटो'को कल्पना विरुद्ध छ । दस्तावेजमा स्पष्ट पारिए झैं माथिल्लो तहबाट हेर्दा नेपालमा पूँजीवादी जनवादी क्रान्ति सम्पन्न भएको र नेपाली समाजको प्रधान अन्तर विरोध दलाल पूँजीवादसँग रहेको व्याख्यामा सहमत हुन सकिन्छ । तर तल्लो तहमा हेर्दा अहिलेको नेपाली समाज अकल्पनीय निराशा र असन्तुष्टिले ग्रस्त भएको देखिन्छ । आजको मोबाइल चलाउने आम जनसमूहले इन्टरनेटमा भेटिने सूचना र अफवाहलाई मूल्यांकन नै नगरी दुई मिनेटको भिडियो वा तीन वाक्यको निष्कर्षको पछि लागेर निर्णय गर्छ । यो यथार्थलाई आत्मसात् गरेर नेपाली विशेषताको समाजवादी कार्यक्रमलाई पढ्न र बुझ्न सजिलो हुने गरी, सिलासिलाबद्ध बनाएर, सबै पक्षको अन्तरसम्बन्ध प्रष्ट हुने गरी खँदिलो बनाई परिमार्जन गरिनुपर्दछ ।

कोअर्डिनेशन केन्द्र स्थापित भएको २०३० को दशकमा जन्मिएको पुस्ता अहिले ५० वर्ष टेक्दैछ । त्यो र त्यसपछिको पुस्ताले नेपालमा पञ्चायत, बहुदल, युद्ध र आन्दोलन देखे/भोगेको छ । संविधानमा लेखिएको अधिकारको सूची र आफ्नो जीवनमा तालमेल नपाउँदा जुनसुकै बेला कम्पन ल्याउन सक्ने गरी समाजको 'कोर'मा कुण्ठा र क्रोध मडारिएको छ । हामीले सरकारमा रहँदा जनतालाई आलोचनात्मक चेत सृजना हुने पर्याप्त शिक्षा दिएनौं, सही र गलत छुट्याउने ज्ञान दिएनौं र त्यस प्रकारको प्रणालीलाई संस्थागत गरेनौं । त्यसैले समाजको चेतनास्तर र चिन्तनप्रणालीलाई मध्यनजर गर्दै दस्तावेजहरू परिमार्जन गर्नु, आगामी रणनीतिहरू तयार गर्नु र सोही अनुसारको संगठन संरचना र कार्यप्रणाली कार्यान्वयन गर्नु नै महाधिवेशनको सँघारमा रहेको वामपन्थी पार्टीको प्रस्थानविन्दु हो ।

१०औं महाधिवेशनको सँघारमा रहेको एकीकृत समाजवादीसँग सैद्धान्तिक स्पष्टता, समाजवादी कार्यक्रम, नयाँ संगठन संरचना र कार्यप्रणाली सहित समाजवादी आन्दोलनको नेतृत्व गर्ने अवसर प्राप्त छ । नेपालको आम निर्वाचन २०७९ मा सहभागी भएका दलहरूले पाएको मत र सिट संख्यालाई आधार मान्ने हो भने समाजमा केही नयाँ प्रकारको वस्तुगत तथा मनोगत परिस्थिति निर्माण हुँदै गएको आभास गर्न सकिन्छ ।

कस्ता दल बलियो हुँदै गएका छन् ? कस्ता दल क्षयीकरणको प्रक्रियामा छन् ? कस्ता दलले राज्यसंरचनामै बदलाव ल्याउन सफल भए ? कस्ता दलहरूले कुन खालको शासकीय क्षमता प्रदर्शन गर्न सफल भएका छन् ? विभिन्न कालखण्डको आफ्नै सक्रियताको सिंहावलोकन गर्दै यस्ता प्रश्नहरूको उत्तर खोज्नु सान्दर्भिक हुन्छ । संघर्षबाट स्थापित भएका र विभिन्न कालखण्डमा सत्तामा रहेका दलहरूको पक्षमा जनसमर्थन घटिरहेको यथार्थलाई आत्मसात् गर्दै आगामी बाटो तय गर्नु एकीकृत समाजवादीको महत्वपूर्ण वैचारिक, सांगठनिक र राजनीतिक कार्यभार हो ।

जनताले बुझ्ने र महसुस गर्न सक्ने समाजवादी कार्यक्रम सहित आगामी दिनमा आफ्ना आन्तरिक समस्याहरूलाई हल गर्न सक्ने संगठन संरचना र कार्यप्रणाली अपनाएर मात्रै नेकपा (एकीकृत समाजवादी) लाई देशव्यापी विस्तार गर्न र लक्ष्यअनुरूप काम गर्न सक्ने बनाउन सकिन्छ । यसको लागि शक्तिशाली स्थानीय कमिटी बनाउने र जनसम्बन्ध बढाउन कार्य गर्नुपर्छ । प्रतिस्पर्धीबाट रचनात्मक सहयोग हुने संरचनात्मक व्यवस्था गर्ने, पारदर्शिता र आर्थिक अनुशासन निश्चित गर्नुपर्छ । आगामी दिनमा पार्टीमत सर्वेक्षण गर्ने, पार्टी सदस्यता नभएका सक्षम, योग्यहरूलाई राष्ट्रको लागि योगदान गर्ने अवसर दिनुपर्दछ । विगतको अभ्यासको समीक्षा गर्दै राष्ट्रिय निर्वाचनमा उम्मेद्वारी छनोट मापदण्ड र दोहोरो कार्यसम्पादन मूल्याङ्कनको व्यवस्था गर्नुपर्दछ । अब पार्टीले समाजवादी नमूना स्थानीय तह बनाउने तयारी थाल्नुपर्दछ । पार्टीका विभागहरूको पुनर्संरचना गरी विषय विज्ञतालाई प्रोत्साहन गर्ने प्रणाली बनाउनुपर्दछ ।

पार्टीलाई जीवन्त बनाउन नेतृत्व विकासको नियन्त्रित र स्वचालित प्रक्रिया अपनाएर पार्टी संरचनामा सक्षम, योग्य र प्रतिस्पर्धी युवाहरूलाई अवसर दिने, अग्रजहरूको भूमिका कायम राख्ने निश्चितता गर्नुपर्छ । यसको साथसाथै सङ्गठन निर्माण अभियान सञ्चालनका लागि प्रतिनिधित्वको विषयगत क्षेत्र निर्धारण गरेर अगाडि बढ्नुपर्दछ । यस प्रकारका विषयहरू समेटेर प्रस्तावित मस्यौदा विधानमा संशोधन गरी महाधिवेशन मार्फत पारित गराइनुपर्दछ ।

१०औं महाधिवेशनको सँघारमा रहेको एकीकृत समाजवादीले यसरी प्रस्थान गर्दा समाजका आधारभूत कर्ताहरूको यथार्थ विश्लेषण सहित वर्ग संघर्षको रूपलाई प्रष्ट गर्नु जरूरी छ । आगामी दिनमा उत्पादक उद्यमी (वस्तु), व्यापार उद्यमी (वस्तु तथा सेवा), निर्माण व्यवसायी, सामाजिक समूह तथा संस्थाहरू, अवकाशप्राप्त खेलाडी/खेलप्रशिक्षक/उद्यमीहरू, मजदुर र निजी क्षेत्रको रोजगारी, स्नातक/स्नातकोत्तर/विद्यावारिधि समूहका विद्यार्थी, विभिन्न विश्वविद्यालय र शैक्षिक संस्थामा आवद्ध अध्यापकहरू, अवकाश प्राप्त राष्ट्रसेवक/योद्धा/शहीद परिवार, पूर्व जनप्रतिनिधि/पार्टी कमिटीका पूर्वपदाधिकारीहरू, विषयगत क्षेत्रको विज्ञ, विदेशमा कार्यरत नेपालीहरू जस्ता कर्ताहरूको पहिचान गरी पार्टीको आधारभूत कमिटी (वडा तह) ले आफ्नो अभिलेख व्यवस्थापन गर्नुपर्छ ।

सो कर्ताहरूलाई नै वडा तहमा आधारभूत रूपले प्रतिनिधित्व गराउनुपर्छ । पार्टीले समाजको कर्ताहरू, उमेर र सामुदायिक जनघनत्वको विविधताको आधारमा आफ्नो संरचनामा आरक्षणको व्यवस्था गर्नु उपयुक्त हुन्छ । ठूला र धेरै कमिटीहरू बनाएर नेता-कार्यकर्तालाई बाँध्ने प्रयत्न गर्नुको साटो कमिटीहरूमा तत्कालै सूचनाको सञ्चार हुने र चलायमान हुने प्रकारको बनाउनुपर्छ । यसको लागि विभिन्न कमिटीको अधिवेशन प्रक्रिया, निर्वाचक मण्डल र प्रतिनिधि छनोटको विद्यमान व्यवस्थामा परिमार्जन गर्नु आवश्यक हुन्छ ।

महाधिवेशनपश्चात् एकीकृत समाजवादीले तत्कालै समसामयिक राष्ट्रिय मुद्दा, वर्गीय उत्पीडन र जनसरोकारको विषयहरूमा जनपक्षीय सक्रियता निश्चित गर्ने गरी चेतनामूलक, प्रचारमूलक र परिणाममुखी गतिविधि गर्नुपर्छ । अहिले पनि नेपाली जनजीवनको आधारभूत सामाजिक मुद्दाहरू असरल्ल छन् ।

जनता आफ्नो आवाज बोल्ने र र परिणाम दिने भरोसायोग्य राजनीतिक शक्तिको खोजीमा छन् । किसान, विद्यार्थी र शहरिया मध्यमवर्गले भाषण, मार्क्सवादी साहित्य र दस्तावेज मात्र हैन प्रमाण र परिणाम खोजेका छन् भन्ने विषय सम्पूर्ण पार्टी पंक्तिले मनन् गर्नुपर्छ । पार्टीले आफ्नो पार्टीको तर्फबाट जनताको पक्षमा खेलिने भूमिकाहरूलाई सूत्रबद्ध बनाई प्रस्तुत गर्न सक्नुपर्दछ । आगामी दिनमा पार्टी प्रतिपक्षमा रहँदा, मन्त्री सहित गठबन्धन सरकारमा रहँदा, आफ्नै नेतृत्वको गठबन्धनमा रहँदा, एकल बहुमत र दुईतिहाइ बहुमतमा रहँदाको कार्यनीति र विभिन्न लक्ष्यहरूलाई विशिष्टीकृत गरेर व्याख्या गर्दै सोही अनुरूप व्यवहार गर्नुपर्दछ ।

पार्टीले संगठन परिचालनको लागि प्रविधिको अधिकतम प्रयोग गर्ने प्रयत्न गर्दै आफ्नो संगठन संरचनालाई पनि सोही अनुरूप बदल्दै लैजानुर्छ । पार्टीको महाधिवेशन मार्फत र त्यसपछिका दिनमा संगठन परिचालनको लागि गर्नुपर्ने कार्यलाई निम्नानुसार सूत्रबद्ध गर्न सकिन्छ:


१. मस्यौदा दस्तावेजलाई पुनर्लेखन गरी संशोधन सहित पारित गर्ने तथा मूल दस्तावेज र पार्टीको विधानलाई १०० पेजमा समेटिने गरी सरल, छरितो र स्पष्ट बनाई प्रकाशन र प्रचार गर्ने ।
२. मापनयोग्य तथ्यांकमा आधारित भएर समाजको चेतनास्तर र चिन्तनप्रणालीको यथार्थपरक विश्लेषण गरी आवश्यक रणनीति र कार्यनीतिहरू तयार गर्ने ।
३. नयाँ/पुरानो मतदाताको अनुपातलाई विश्लेषण गरेर, संसारभर फैलिएको नेपाली समाजको मनोविज्ञान, हुर्कंदै गएको शहरिया मध्यमवर्ग, उत्तरआधुनिक जीवनशैली समेतलाई मध्यनजर गर्दै योजना बनाउने ।
४. पार्टीले नयाँ संगठनात्मक संरचना र कार्यप्रणालीको अभ्यास गर्ने प्रत्याभूत गर्दै विधान संशोधन गर्ने र मातहतका कमिटीहरूको नयाँ विधान अनुसार पुनर्गठन र सम्मेलन गर्दै अधिवेशन आयोजना गर्ने ।
५. समसामयिक राष्ट्रिय मुद्दा, वर्गीय उत्पीडन र जनसरोकारको विषयहरूमा जनपक्षीय सक्रियता निश्चित गर्ने, नेतृत्व गर्ने र सोही आधारमा जनसमुदायलाई पार्टीप्रति आकर्षित गर्ने, प्रचार सामग्री बनाई प्रसार गर्ने ।
६. पार्टी सदस्यता प्राप्तिको फारम परिमार्जन गरी विषयगत क्षेत्रको प्रतिनिधित्व खुलाउने, अनलाइन माध्यमबाट समेत पार्टी सदस्यता प्राप्त गर्ने व्यवस्था हुनुपर्ने ।
७. पार्टीले प्रविधिको प्रयोग गर्ने गरी एप बनाउने, प्रशिक्षण सामग्री बनाउने र प्रशिक्षक प्रशिक्षण गर्दै जाने ।
८. वडा कमिटिले सबै जनसंख्याको तथ्यांक संकलन गरी विषयगत क्षेत्रको आधारमा सूची बनाएर पार्टीले तोकेको विवरण सहित डिजिटल अभिलेख तयार गर्ने ।
९. वडा कमिटीबाट प्राप्त सूचनाहरूलाई पार्टीको विज्ञान तथा प्रविधि विभागले प्रविधिको प्रयोग गरी एकीकृत र विशिष्टीकृत बनाएर विश्लेषण गर्दै पार्टीको कमिटी मार्फत विभागहरूलाई उपलब्ध गराउने ।
१०. विभागहरूले तथ्यांकको आधारमा अनुसन्धानमूलक कार्य गर्दै पार्टीको जग बलियो बनाउन नीति र योजनाहरू प्रस्तुत गर्ने । भूगोल/विषयगत क्षेत्रको आधारमा विशेष प्रकारको नीति/प्रचार सामग्री तयार गर्ने ।
११. आफूले जितेको स्थानीय तहमा समाजवादी मोडलका कार्य गर्न नेतृत्व गर्दै उदाहरण प्रस्तुत गर्ने, संसद्/सरकारमा जनपक्षीय भूमिका खेल्ने ।

खड्गप्रसाद शर्मा ओलीको अधिनायकवादी आकांक्षा र दक्षिणपन्थी यात्रामा ब्रेक लगाउन तथा असंवैधानिक कदम रोक्नको लागि एमालेसँगको तत्कालीन सम्बन्धविच्छेद सही थियो भन्ने पुष्टि भइसकेको छ । तर अन्य मोर्चाहरूमा पूर्णत: असफल भएको बारेमा वस्तुनिष्ठ समीक्षा गर्दै अगाडि बढेमा आगामी दिनमा सैद्धान्तिक स्पष्टता, नयाँ संगठन संरचना र कार्यप्रणालीको आधारमा समाजवादी आन्दोलनको नेतृत्व गर्न सक्ने सम्भावना भएकोले नेकपा एकीकृत समाजवादीले १०औं महाधिवेशन मार्फत नेपाली समाजको प्रगतिशील रूपान्तरणको लागि ऐतिहासिक भूमिका खेल्नुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# ९ वर्षसम्म छोपिएको एसईईको कमजोर नतिजा उदांगो

काठमाडौं/माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ५२ प्रतिशत परीक्षार्थी नन ग्रेडेड (अनुत्तीर्ण) भएका छन् । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले बिहीबार सार्वजनिक गरेको एसईईको नतिजाअनुसार २ लाख २२ हजार ४७२ जना (४७.८६ प्रतिशत) विद्यार्थी भने उत्तीर्ण भएका छन् । यसमा सबभन्दा धेरै ७८ हजार ८७४ जना जीपीए २.८० देखि ३.२० मा परेका छन् ।




२ लाख ४२ हजार ३१३ जना विद्यार्थी नन ग्रेड (एनजी)मा परेका हुन् । यो संख्या परीक्षामा सहभागी ४ लाख ६४ हजार ७८५ विद्यार्थीको ५२.१४ प्रतिशत हो । यसले माध्यमिक तहमा शिक्षक सिकाइ चरम संकटमा छ भन्ने देखाएको सार्वजनिक विद्यालयमा काम गर्दै आएका सूत्र फर लिडर्सका विजयमणि पौडेल बताउँछन् । 'अंकको प्रणाली हुँदासम्म शिक्षण सिकाइ कमजोर देखिएकै थियो । बीचमा लुकेको थियो,' उनले भने, 'यो पटक त्यो देखियो ।'

२०७१ अगाडिसम्म नजिता श्रेणीमा प्रकाशित हुन्थ्यो । विद्यार्थीले पाएको अंकका आधारमा विशिष्ठ, प्रथम, दोस्रो र तेस्रो श्रेणीमा पास हुन्थे भने ३२ भन्दा कम अंक ल्याउनेहरू अनुत्तीर्ण हुन्थे । त्यसबेला बढीमा ४८ प्रतिशतसम्म विद्यार्थी पास भएका थिए ।

त्यसपछि ग्रेडिङ प्रणाली आयो, जसमा सबभन्दा कम ० देखि ०.८० जीपीए ल्याउने विद्यार्थीलाई ई ग्रेड दिइन्थ्यो । सैद्धान्तिक र आन्तरिक मूल्याङ्कनतर्फ न्यूनतम ३० अंक कटाउने हो भने उनीहरूले पनि निश्चित विषय लिएर ११ मा पढ्न पाउँथे । यस वर्ष नयाँ लेटर ग्रेडिङ प्रणाली लागू भयो । परीक्षामा सहभागी विद्यार्थीले हरेक विषयमा सैद्धान्तिकतर्फ (७५ पूर्णाङ्क) ३५ प्रतिशत र आन्तरिक मूल्याङ्कनतर्फ (२५ पूर्णाङ्क) ४० प्रतिशत अंक ल्याउनैपर्ने भयो । कुनै एक विषयमा पनि न्यूनमत प्रतिशत अंक ल्याउन नसकेमा ग्रेडमा नपर्ने भए । त्यही व्यवस्थाअनुसार यो वर्ष २ लाख ४२ हजार ३१३ जना विद्यार्थी ननग्रेडमा परेका हुन् ।

परीक्षा बोर्डका अनुसार उनीहरूमध्ये बढीमा दुई विषयमा ३५ प्रतिशत अंक ल्याउन नसकेका १ लाख १५ हजार ८३४ जनाले पुरक परीक्षा दिन पाउन छन् । उनीरूरुका लागि अर्को महिना (१८ र १९ साउन) ग्रेडवृद्धि परीक्षा सञ्चालन हुनेछ । अरूले भने आगामी चैतमा हुने परीक्षामा एनजी आएको विषयको मात्र परीक्षा दिन पाउनेछन् ।

### विषयगत सुधार आवश्यक

सार्वजनिक नतिजा अनुसार १ लाख ७७ हजार ९८५ जना विद्यार्थीले अनिवार्य गणित विषयमा एनजी अर्थात पूर्णाकको ३५ प्रतिशत अंक ल्याउन सकेका छैनन् ।

यस्तै विज्ञानमा १ लाख २६ हजार ९३३ जना, अंग्रेजीमा १ लाख १३ हजार ३८३, नेपालीमा ७९ हजार ६१ र सामाजिक विषयमा ७३ हजार ८७७ विद्यार्थीले ३५ प्रतिशत अंक ल्याएनन् ।

यसले गणित, विज्ञान, अंग्रेजीजस्ता अनिवार्य विषयको शिक्षण सिकाइमा समस्या देखाएको माध्यमिक शिक्षाका जानकार मेदिन लामिछाने बताउँछन् । एउटा विषयको नतिजाले समग्र नतिजालाई प्रभावित गरेको भन्दै उनले भने, 'यो हाम्रो पुरानै रोग हो । यही वर्ष पनि गणितमा मात्रै १ लाख ७८ हजार हाराहारी विद्यार्थी नन ग्रेडेड भए । गणितको नन ग्रेडेड संख्या घटाउँदा मात्रै समग्र नतिजामा उल्लेख्य सुधार देखिन्छ ।'

तर शिक्षण सिकाइ सुधारका लागि उलेख्य काम नै हुन नसकेको पौडेल बताउँछन् । एकाध विद्यालयमा प्राध्यानाध्यापक वा शिक्षकले सीमित स्रोत साधानका बाबजुत प्रयास गरेका छन् । तर सरकारले नीतिगत सुधार गर्न सकेको छैन । केन्द्र होस् वा स्थानीय सरकारको ध्यान भौतिक पूर्वाधारमा मात्र गएको छ । 'एक त शिक्षा कम प्राथमिकतामा पऱ्यो, त्यसमा पनि शिक्षकलाई प्राथकितामा राखिएको छैन,' उनले भने, 'अहिलेको नजिता त्यसकै उपज हो ।'

बालविकासदेखि ९ सम्म त्यही विद्यार्थी सरसर्ती पास हुन्छ, १० मा पुगेर ५२/५३ प्रतिशत फेल हुन्छ भने कक्षा ९ सम्म पनि समस्या छ भनेर बुझ्नुपर्ने उनले बताए । पौडेलले भने, 'शिक्षण सिकाइ सुधारका लागि गहन गरिकाले सोच्ने बेला भयो ।'

माध्यमिक शिक्षाका जानकार लामिछाने पनि सिकाइ सुधार गर्नतिर ध्यान दिनुपर्ने बताउँछन् । 'जिल्ला-जिल्ला, विद्यालय-विद्यालयको नतिजा हेरेर कुन ठाउँमा कुन विषयमा विद्यार्थी कमजोर देखिए भन्ने हेरेर सुधार गर्न लाग्नुपर्छ,' उनले भने, 'समग्र नतिजा हेरेर देशभर त्यही गर्न खोज्नु हुँदैन ।'

### शिक्षकलाई जिम्मवार बनाऔं

हरेक वर्षको नतिजामा देखिने ठूलो अन्तर भनेको सैद्धान्तिक र प्रयोगात्मक अंकमा हो । यो वर्षको नतिजाले त्यसलाई अझ छरपष्ट पारेको छ । जस्तो, गणितमा सैद्धान्तिकतर्फ १ लाख ७७ हजार ९८५ जना विद्यार्थीले ग्रेडेड हुन चाहिने ३५ प्रतिशत अंक ल्याउन सकेनन् । तर आन्तरिक मूल्याङ्कनमा शतप्रतिशतले ग्रेडेड हुन चाहिने ४० प्रतिशत अंक पाएका छन् ।

अंग्रेजी विषयमा १ लाख ३ हजार विद्यार्थी सैद्धान्तिक मूल्याङ्कनमा नन ग्रेडेड हुँदा शिक्षक, विद्यालयले गर्ने आन्तरिक मूल्याङ्कनमा कोही पनि नन ग्रेडेड भएनन् । पढाउने शिक्षकले मूल्याङ्कन गर्दा सबै ग्रेडेड, अर्को शिक्षकले मूल्याङ्कन गर्दा ठूलो संख्या नन ग्रेडेड नहुनुपर्ने भन्दै लामिछाने भन्छन्, 'शिक्षकले गरेको मूल्याङ्कन सही भएन या परीक्षा बोर्डले लिएको परीक्षा प्रणाली सही भएन ।'

परीक्षा बोर्डसँगै शिक्षक र विद्यालयलाई जिम्मेवार बनाउनु पर्ने उनको जोड छ । 'शिक्षकले प्रक्षेपित अंक र विद्यार्थीले ल्याएको अंकको बीचमा रहेर मूल्याङ्कन गर्न सकिने ठाउँ छ,' उनले भने, 'यसमा शिक्षकलाई जवाफदेही बनाएर उसले दिएको अंकमा यति प्रतिशतभन्दा बढी अन्तर भएमा नतिजा खारेज गर्न सकिने व्यवस्था पनि रहन्छ ।'

### सरकारी दाबी : नतिजा नकारात्मक होइन

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मा भने नजितालाई नकारात्मक भन्न नसकिने जिकिर गर्छन् । उनले भने, 'विगतमा तल्लो ग्रेडलाई पनि ग्रेडेड भनेर पठाउँथ्यौं । यो वर्ष ३५ प्रतिशतभन्दा कम भएकालाई पठाउन नमिल्ने भएकाले ग्रेडेड हुनेको संख्या कम भएको हो ।'

नन ग्रेडको प्रतिशत बढी देखिए पनि विषयगत नतिजामा नन ग्रेड हुनेको संख्यामा कमी आएको उनी बताउँछन् । 'अंग्रेजी, विज्ञान, गणितमा नन ग्रेड हुनेको संख्या घटेर विषयगत परीक्षामा सुधार आएको छ,' उनले भने, 'माथिल्लो ग्रेड ल्याउनेको संख्या पनि बढेको छ । त्यसैले यो नतिजालाई म नकारात्मक लिदिनँ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'घरज्वाइँ' ट्रेलरमा मिरुनालाई पाउन दयाहाङको संघर्ष

काठमाडौं/यही असार २८ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'घरज्वाइँ'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक ४ मिनेट २ सेकेण्ड लामो ट्रेलरले फिल्मको कथावस्तुबारे प्रकाश पारेको छ । एउटा गाउँमा शिक्षण पेशा गरिरहेका दयाहाङ राईको त्यहीँकी मगर युवती मिरुना मगरसँग प्रेम बसेपछि आउने आरोह-अवरोहको कथामा ट्रेलर केन्द्रित छ ।



मिरुनाका पिता शिशिर वाङ्देलले छोरीसँग विवाह गर्नेले घरज्वाइँ बस्नुपर्ने सर्त राखेपछि दयाहाङले जबरजस्ती समातेर मिरुनालाई आफ्नो घर भित्राउँछन्, जसलाई मगर समुदायमा 'केटी छोप्ने' चलन भनिन्छ । तर, शिशिरले छोरीलाई जबरजस्ती घर फिर्ता लिएर आउँछन् । त्यसपछि के मिरुनालाई पाउनका लागि दयाहाङ घरज्वाइँ बस्न राजी हुन्छन् ? फिल्मको ट्रेलरले यसैको जवाफ दिन्छ ।

अनिल बुढा मगरद्वारा निर्देशित फिल्ममा दयाहाङ, मिरुना र शिशिरसहित कविता आले, भोलाराज सापकोटा, पुष्कर गुरुङ, बुद्धि तामाङ, खड्कबहादुर पुन (खबपु), राज थापा, शिला आले, अनु थापा, बिना थापा मगर, सोनाम लामा, विवेश बुढा मगर, सुनिल मगर, सुरेश पुन लगायतको पनि अभिनय छ । मगर समुदायको परम्परा, संस्कार र संस्कृतिमा आधारित भएर फिल्म बनेको हो ।

जिएम मुभिज् र एबीएम सिनेमा प्रोडक्सनको संयुक्त ब्यानरमा निर्माण भएको फिल्मका निर्माता जनक घर्ती मगर हुन् । पूर्वी रुकुम आसपासमा छायांकन गरिएको फिल्मको कथा पनि निर्देशक अनिल आफैंले लेखेका हुन् । उनलाई पटकथा तथा संवाद लेखनमा भने विनोद खतिवडा र सुभाष कोइरालाले सघाएका छन् । फिल्ममा सुसन प्रजापतिको छायांकन र कृष्ण भण्डारीको सम्पादन छ ।

# बोर्डले किन रोक्यो 'आचार्य'को रिलिज ?

काठमाडौं/स्वर्गीय गायक तथा संगीतकार भक्तराज आचार्यको जीवनीमा आधारित फिल्म 'आचार्य'लाई १३ वर्षपछि गत शुक्रबार अर्थात् असार ७ गतेबाट पुन: प्रदर्शन गरिएको थियो । तर, चलचित्र विकास बोर्डले एक सातामै फिल्मको रिलिज रोकेको छ । फिल्मलाई ५ वर्षपछि पुन: प्रदर्शन गर्दा सेन्सर गर्नुपर्ने प्रावधान भए पनि 'आचार्य'को सेन्सर नगरिएको भेटिएपछि बोर्डले फिल्मको प्रदर्शन रोकेको हो ।




तालुकवाला निकाय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा उजुरी परेपछि मन्त्रालयले 'आचार्य'को प्रदर्शनको विषयमा बोर्डसँग स्पष्टिकरण सोधेको थियो । यसपछि बोर्डको अनुगमन समितिले अनुगमन गर्दा सेन्सर प्रक्रिया पूरा नगरी फिल्म चलिरहेको भेटिएपछि प्रदर्शन स्थगित गरिएको जनाइएको छ । बिहीबारदेखि देशभरका हलबाट फिल्म हटिसकेको छ ।

'आचार्य'का निर्माता रोशन राईले भने फिल्मलाई सेन्सर गर्न प्रयास गरेको भए पनि कानुनी प्रावधानले गर्दा सम्भव नभएको बताएका छन् । ५ वर्ष कटेको चार महिनाभित्र फिल्मलाई सेन्सर गर्नुपर्ने प्रावधान रहेकाले 'आचार्य' १३ वर्ष अगाडि रिलिज भएको र जरिवाना तिरेर पुन: सेन्सर गर्न खोज्दा पनि नमिलेको उनको भनाई छ । त्यसो त प्रदर्शनको एक हप्तामा फिल्मले राम्रो व्यापार पनि गर्न सकेको थिएन ।

गायक आचार्यप्रति श्रद्धाञ्जली स्वरुप 'आचार्य'लाई पुन: प्रदर्शन गरिएको थियो । प्रशान्त र साइलीको निर्देशनमा बनेको फिल्ममा सत्यराज आचार्य, सुनिल पोखरेल, अरुणा कार्की, दयाहाङ राई, विपिन कार्की, सौगात मल्ल लगायतको अभिनय छ । यो फिल्म २०६८ साल (सन् २०११)मा पहिलोपटक रिलिज भएको थियो । फिल्ममा सत्यराजले पिता भक्तराजको भूमिका निभाएका छन् ।

# हलमा लाग्यो प्रभास र दीपिकाको 'कल्की २८९८ एडी'

काठमाडौं/बहुप्रतीक्षित भारतीय फिल्म 'कल्की २८९८ एडी' नेपालमा पनि बिहीबार रिलिज भएको छ । प्रभास स्टारर साइन्स फिक्सन फिल्मलाई नाग अश्विनले निर्देशन गरेका हुन् । फिल्ममा अमिताभ बच्चन, दीपिका पादुकोण, कमल हसन र दिशा पटानीको समेत मुख्य भूमिका छ ।



६०० भारु बजेटमा निर्माण भएको यो फिल्म हिन्दी र तेलुगू भाषामा विश्वव्यापी रिलिज भएको हो । फिल्मलाई नेपाली हलले उच्च शो दिएका छन् ।

नवीन सुब्बा निर्देशित फिल्म 'गाउँ आएको बाटो' शुक्रबार बाट प्रदर्शनको तेस्रो सातामा प्रवेश गर्दैछ । पूजा शर्मा अभिनित 'दान्भी', बलिउड फिल्म 'चन्दु च्याम्पियन' र हलिउड फिल्म 'एक्सर्सिजम' पनि प्रदर्शनरत छन् । शुक्रबार हलिउड फिल्म 'क्वाइट प्लेस : डे वान' रिलिज हुँदैछ ।

# नजिकिँदैछ सुरुङमार्ग र फ्लाइओभरबाट यात्रा गर्ने दिन

काठमाडौं/कलंकी-नागढुंगा खण्डको यात्रा गर्दा थानकोट चेकपोस्ट नजिकै किसिपिडीमा सडकमै बनिरहेको एउटा भव्य संरचनाले धेरैको ध्यान तान्छ । नेपालमा सडक पूर्वाधारमा सुरुङमार्ग र फ्लाइओभर निर्माणको चर्चा भएको धेरै वर्ष बितिसके, बन्दै गरेका यी संरचनाले भने अब फ्लाइओभर र सुरुङमार्ग भएर यात्रा गर्ने दिन धेरै टाढा नभएको प्रष्टै देखाउँछ ।

अहिले बलम्बु नजिकै मूल सडकको बीचको लेनबाट नयाँ खोलिएको सडकतर्फ घुमाउरो ब्रिज (फ्लाइओभर) धमाधम निर्माण हुँदैछ । यो भव्य संरचना निर्माणाधीन नागढुंगा सुरुङमार्ग (सिस्नेखोला-टोटीपाखा)को पहुँचमार्गलाई कलंकी-नागढुंगा सडकसँग जोड्ने फ्लाइओभरको फ्रेम हो । भविष्यमा काठमाडौंको मुख्य नाका नागढुंगा सुरुङमार्ग भएर काठमाडौंबाट बाहिरिने र सुरुङमार्ग हुँदै काठमाडौं भित्रिने सवारीले मूल सडकमा आइपुग्न पहुँचमार्ग र यो फ्लाइओभर प्रयोग गर्नेछन् ।

परामर्शदातृ कम्पनी निप्पोन कोइका इन्जिनियर रमेश कोइरालाका अनुसार यो निर्माणाधीन फ्लाइओभर १२८ मिटर लामो छ । मूल सडकतर्फ फ्लाइओभरमा जोड्न २८० मिटरको र्‍याम्प (उकालो सडक) बन्नेछ भने पहुँचमार्गतर्फ २१० मिटरको र्‍याम्प तयार हुनेछ । बीचमा १२८ मिटरको फ्लाइओभर ब्रिजसहितको संरचना खडा गरिनेछ ।

यो फ्लाइओभरलाई काठमाडौंबाट सुरुङमार्ग हुँदै बाहिरिने सवारीले मात्रै प्रयोग गर्न पाउनेछन् । सुरुङमार्ग भएर काठमाडौं भित्रिएका सवारीहरुले र्‍याम्प र फ्लाइओभर सुरु हुनुभन्दा अघि 'ग्रेड सेपरेसन' गरेर छुट्याएको अर्को लेन प्रयोग गरेर पुलमुनिबाट कलंकीतर्फ आउन पाउनेछन् । 'यहाँ सवारी व्यवस्थापनकै लागि ट्राफिक प्रहरी राख्नुपर्ने हुँदैन,' परामर्शदाता इन्जिनियर कोइराला भन्छन्,'सबै सवारीले तोकिएका बाटोका गुड्न पाउँछन्, जाममा बस्नुपर्दैन ।' अहिले फ्लाइओभरका लागि पिल्लरमाथि स्टिल फ्रेम राखेर पुल ढलानको काम गर्न अन्तिम तयारी भइरहेको छ । यो फ्लाइओभरको निर्माण अब ६ महिनाभित्र सकिने अनुमान छ ।

फ्लाइओभर निर्माण हुँदै गर्दा २.८७ किलोमिटर पहुँचमार्ग निर्माणको काम पनि अन्तिम चरणमा छ । सुरुङमार्ग बनाउन नथाल्दासम्म यो खण्डमा सडकमार्ग थिएन । जग्गा अधिग्रहण गरेर सरकारले सुरुङको मुखदेखि मूल सडकसम्म ११ मिटर फराकिलो पहुँचमार्ग तयार गरेपनि अहिलेसम्म कालोपत्रे गर्ने काम सकिएको छैन । तर, सडकको दायाँ बायाँ 'सेफ्टी ब्यारियर' राख्ने काम सकिइसकेको छ ।

करिब २२ अर्ब लागतमा तयार हुँदै गरेको यो परियोजना ४ कात्तिक २०७६मा तत्कालीन प्रधामनन्त्री केपी शर्माओलीले शिलान्यास गरेका थिए । जग्गा विवाद र पूर्वातयारी सम्बद्ध काम नसकिएपछि शिलान्यासको १४ महिनापछि पुस २०७७मा आयोजना निर्माणको काम सुरु भएको थियो ।

नागढुंगा सुरुङमार्ग आयोजनाका प्रमुख नवीनमान श्रेष्ठ आयोजनाको काम धमाधम भइरहेको बताउँछन् । आयोजनामा अहिले दैनिक ६०० सयभन्दा बढी कामदार एकसाथ काम गर्दैछन् ।

तर, केही सामाजिक मुद्दामा कारण आयोजनालाई काम गर्न असजिलो भइरहेको आयोजना प्रमुख श्रेष्ठले बताए । आयोजनाको दुबै सिस्नेखोला र बलम्बुतर्फको पहुँच सडकमा परेका केही जग्गाबारे मुआब्जाको विवाद थाति छन् ।

त्यसबाहेक बलम्बुतर्फको सुरुङको मुख माथिको डाँडा घरहरु चर्किएपछि उब्जिएको विवाद पनि हल गर्न बाँकी रहेको श्रेष्ठले बताए । 'शनिबारसम्म उहाँहरुले माग पूरा नभए काम रोक्ने चेतावनी दिनुभएको छ,' उनले भने,'तर स्थानीयहरुले हामीलाई सधैं सहयोग गर्नु भएको छ, हामी सुसम्बन्ध कायम गरेर काम गर्दैछौं ।'

यो आयोजनाको मुख्य संरचना नागढुंगा-सिस्नेखोला सुरुङमार्फ खन्ने काम ६ वैशाख २०८१ मै सकिएको हो । ब्रेक-थ्रु पछि कूल लम्बाइ २ हजार ६ सय ८८ मिटर लामो सुरुङमार्ग अहिले लाइनिङ (भित्तामा कंक्रिट राखेर बलियो बनाउने काम)को काम भइरहेको छ ।

मूल सुरुङभित्र करिब २ हजार १५० मिटर (८० प्रतिशत) लाइनिङको काम सकिसकेको छ । आयोजनाको २ हजार ५ सय ५७ मिटर लामो रेस्क्यु (उद्धार) सुरुङको भने एक वर्ष अगाडि नै ब्रेक-थ्रु भएर फिनिसिङको काम भइरहेको छ ।

'लाइनिङको काम सकेपछि सुरुङभित्रको सडक कालोपत्रे गर्ने काम सुरु हुन्छ, त्यसपछि बिजुली बत्ती र सञ्चार उपकारण र त्यसको प्रणाली जोड्ने काम हुन्छ,' आयोजना प्रमुख श्रेष्ठले भने । सुरुङबाहेक यहाँ फ्लाइओभर, पुल, बक्स कल्भर्ट, अन्डरपास र ओभरपाससमेत कुल १२ वटा थप संरचना बन्दैछन् । 'संरचनाहरू निर्माणको काम एक वर्षभित्र सक्छौं,' आयोजना प्रमुख श्रेष्ठ भन्छन्,' निर्माण सकिएपछि बाँकी व्यवस्थापकीय कामहरु सकेर यहाँबाट गाडी गुडाउन थप ६ महिना लाग्छ ।'

अहिलेसम्म करिब ७७ प्रतिशत काम सकिएको आयोजनाको सबै काम कात्तिक २०८२सम्म निर्माण सकाउने लक्ष्य छ । जापानी ठेकेदार कम्पनी हाजमा-आन्दो जेभीलाई यसैअनुसार थप म्याद दिएर काम हुँदैछ । सन् २०१४ मा अध्ययन भएको यो आयोजना बनाउन जापान सरकारले नेपाललाई १६ अर्ब ३६ करोड ६० लाख जापानी येन सहुलियतपूर्ण ऋण दिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# चोकर्सबाट च्याम्पियनको पथमा दक्षिण अफ्रिका

काठमाडौं/दक्षिण अफ्रिका आईसीसी टी-२० विश्वकप २०२४ को पहिलो सेमिफाइनल खेलमा अफगानिस्तानलाई ९ विकेटले हराउँदै इतिहासमै पहिलो पटक फाइनलमा पुग्यो ।

दक्षिण अफ्रिकाले आफ्नो उत्कृष्ट बलिङमा समूह चरण र सुपर-८ मा अपराजित रहँदै सेमिफाइनल खेलेको थियो । सुपर ८ को ग्रुप-१ बाट अष्ट्रेलिया अप्रत्याशित रुपमा बाहिरिनु दक्षिण अफ्रिकालाई थप सहज बन्यो । ब्रायन लारा क्रिकेट रंगशाला ट्रिनिडाडमा टस जितेर अफगानिस्तानले ब्याटिङ रोज्यो । तर राज भने दक्षिण अफ्रिकाका बलरले गरे ।

अफगानिस्तान सफल हुनुमा ओपनर इब्राहिम जद्रान र रहमानउल्लाह गुरबाजको साझेदारी महत्वपूर्ण मानिन्छ । यी दुई ओपनरले तीन पटक यस विश्वकपमा शतकीय साझेदारी गरेका थिए । अष्ट्रेलिया विरुद्ध ११८ र न्युजिल्यान्डविरुद्ध १०३ रनको शतकीय साझेदारी जितका आधार हुन् ।

मार्को यानसनको गुड लेन्थको अफ साइड बलमा गुरबाज पहिलो ओभरको अन्तिम बलमा फस्टस्लिपमा रिजा हेन्ड्रिक्सबाट शून्यमा क्याच आउट भए । त्यो नै खेलको टर्निङ प्वाइन्ट थियो । दक्षिण अफ्रिका तीव्र गतिको बलिङसामु अफगानी ब्याटरको कुनै उत्तर नै थिएन ।

तेस्रो ओभरमा यानसनले गुलबदिन नइबलाई ९ रनमा बोल्ड गरे । कागिसो रबाडाले आफ्नो स्पेलको पहिलो बलमै जद्रानलाई २ रनमा बोल्ड गरेपछि अफगानस्तान सम्हाल्लिन सकेन ।

गुड लेन्थ र अफ साइड केन्द्रित बलको रणनीतिमा दक्षिण अफ्रिका पूर्ण सफल बन्यो । पावर प्लेमा यानसन र कागिसो रबाडाले दिएको सुरुवातलाई एनरिच नोर्किया र तबरेज साम्सीले निरन्तरता दिएपछि अफगानिस्तान ११.५ ओभरमा ५६ रनमा अल आउट भएको थियो ।

आजमतुल्लाह ओमरजाईले सर्वाधिक १० रन जोडे । त्यो भन्दा बढी १३ रन एक्स्ट्रा पाएको थियो । यानसन र साम्सीले ३-३ तथा नोर्किया र रबाडाले २-२ विकेट लिए ।

५७ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले दोस्रो ओभरको पाँचौं बलमा क्विन्टन डि ककलाई ५ रनमा गुमाएको थियो । तर त्यसपछि एडेन माक्रम र रिजा हेन्ड्रिक्सले जितसम्म पुऱ्याए ।

ओमरजाइको नवौं ओभरको चौथो फ्रिहिट बलमा स्क्वायर लेगमा छक्का र अर्को बलमा चौका हान्दै रिजाले विजयी रन बटुले । त्यो विजयी रन मात्रै थिएन, दक्षिण अफ्रिकाका लागि ऐतिहासिक क्षण थियो । यो क्षण चुम्न दक्षिण अफ्रिकाले ३२ वर्ष पर्खनुपऱ्यो ।

दक्षिण अफ्रिका फाइनल पुग्न तीन दशक कुर्नुपर्ने टोली होइन । यसअघि दक्षिण अफ्रिकाले विश्वकपमा समूह चरण र लिगमा राम्रो गरेपनि नकआउट खेलमा जहिल्यै हार्न पुग्थ्यो । हार कहिले खराब खेलेर हुन्थ्यो, केही भाग्यले साथ नदिँदा ।

त्यसैले दक्षिण अफ्रिकालाई क्रिकेटको चोकर्स उपनाम दिइएको छ । त्यो चोकर्सको दाग एडेन माक्रमको टोलीले मेटाउन खोजेको छ । सन् १९९२ मा डेब्यू विश्वकपमै दक्षिण अफ्रिका सेमिफाइनलमा इंग्ल्यान्डसँग १९ रनले हार्न पुग्यो ।

२५३ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकालाई जित्न १३ बलमा २२ रन चाहिँदा वर्षाको कारण खेल रोकिएको थियो । १० मिनेटपछि खेल सुरु हुँदा दक्षिण अफ्रिकालाई डकवर्थ लेविस नियमको आधारमा १ बलमा २१ रन जित्न आवश्यक पर्दै हारेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# एक महिनामै किलोमा १३८ रुपैयाँले घट्यो आँपको मूल्य

काठमाडौं/आँपको मूल्य एक महिनामै किलोमा १३८ रुपैयाँले घटेको छ । वाणिज्य विभागको जेठ २०८१ को मूल्य विश्लेषण प्रतिवेदन अनुसार आँपको मूल्य किलोमा २३३.३३ रुपैयाँबाट ९५ रुपैयाँमा झरेको छ । आँपको सिजन सुरु नहुँदै बजारमा आउने उत्पादनले चर्को मूल्य लिने गरेको पाइएको छ ।

प्रतिवेदन अनुसार आँप (मालदह) को ६ जेठको मूल्य प्रतिकिलो २३३.३३ रुपैयाँ रहेको रेकर्ड छ । यो कालिमाटी फलफूल तथा तकारी बजार व्यवस्थापन समितिले पठाएको मूल्यका आधारमा विभागले विश्लेषण गरेको हो ।

१३ जेठ मा मालदह आँपको मूल्य प्रतिकिलो २१० रुपैयाँमा झरेको थियो । २० जेठमा मालदह आँपको मूल्य ११० रुपैयाँमा झरेको छ । २७ जेठमा आइपुग्दा मालदहको मूल्य ९५ रुपैयाँमा झरेको विभागको विश्लेषणमा देखिएको छ । एक महिनामा आँपको औसत मूल्य प्रतिकिलो १६२.०८ रुपैयाँ रहेको छ । दसहरी आँपको मूल्य ६ जेठका दिन प्रतिकिलो १७० रुपैयाँ थियो । १३ जेठमा १७० नै कायम रहेको दसहरी आँपको मूल्य २० जेठमा ११० मा झरेको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# प्रतिष्ठानको वार्षिकोत्सव १० दलले बहिष्कार गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ मकवानपुरका १० राजनीतिक दलले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको वार्षिकोत्सव कार्यक्रममा सहभागी नहुने निर्णय गरेका छन् ।

प्रतिष्ठानले शुक्रबार हेटौंडामा चौथो वार्षिकोत्सव मनाउने तयारी गरिरहँदा जिल्लामा क्रियाशील राजनीतिक दलले विरोधस्वरुप कार्यक्रममा सहभागी नहुने निर्णय गरेका हुन् । नेपाली कांग्रेसको हेटौंडा-२ स्थित कार्यालयमा बिहीबार बसेको बैठकले २०८१ असार १४ गतेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडाको चौथो वार्षिकउत्सवमा मकवानपुरका १२ राजनीतिक दल सहभागी नहुने निर्णय संयुक्त विज्ञप्तीमार्फत् गरेको हुन् ।

नेकपा एमालेका बाहेकका दलहरुले जिल्लामा रहेको संगठितरुपमा हेटौंडा प्रादेशिक अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा संघीय कानून विपरित प्रदेश ऐन २०७६ जारी गरी गाभ्ने निर्णयको विरोधमा चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्दै आइरहेका छन् । संयुक्त बैठक चरणबद्ध आन्दोलनका कार्यक्रम निरन्तररुपमा अगाडि बढिरहने जनाइएको छ । जिल्लामा रहेका दलले हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाभिएको विषयमा लामो समयदेखि आन्दोलन गरिरहेका छन् ।

वैठकमा नेपाली कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, नेकपा माओवादी केन्द्र जिल्ला अध्यक्ष भीम पाखिन, राष्ट्रिय स्वतन्त्र पार्टीका किशोर अर्याल, नेकपा एकीकृत समाजवादीका विष्णुप्रसाद दाहाल, राप्रपा नेपालका गुरुप्रसाद सापकोटा, राप्रपाका अर्जुनप्रसाद गौतम, नेकपाका राम सी, जनता समाजवादीका दीपक सिन्तान, नेकपा मालेका हरि अधिकारी, क्रान्तिकारी कम्युनिष्ट पार्टीका सद्दाम हुसेन लगायत सहभागी थिए ।

'जिल्लाका दलहरु चरणबद्ध रुपमा आन्दोलित भएको अवस्थामा सम्बद्ध पक्षबाट बेवास्ता गर्दागर्दै पनि प्रतिष्ठानको छुट्टै अस्तित्व रहनेगरी समृद्धि र प्रगतिको शुभकामना दिन चाहन्छौं,' १० दलद्वारा जारी विज्ञप्तिमा भनिएको छ । दलहरुले हेटौंडामा पत्रकार सम्मेलन गर्दै हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाभ्ने त्रुटीपूर्ण ऐनका दफाहरु खारेज नगरेसम्म प्रतिष्ठानले आयोजना गर्ने कुनैपनि कार्यक्रममा सहभागी नहुने जनाएको छ । प्रतिष्ठानको वार्षिकोत्सव कार्यक्रम बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलको प्रमुख आतिथ्यतामा शुक्रबार बिहान हेटौंडामा हुँदैछ ।

# अखिल क्रान्तिकारीको आज २३ औं सम्मेलन

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ अखिल (क्रान्तिकारी) मकवानपुरको २३ औं सम्मेलन शुक्रवा हेटौंडामा हुने भएको छ । संगठनले पत्रकार सम्मेलनमार्फत् सम्मेलनबारे तयारी पूरा भएको जानकारी गराएको हो ।

सम्मेलनको उद्घाटन सत्रमा अखिलका केन्द्रीयस्तरका नेताहरु, बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तान, बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, नेकपा माओवादी केन्द्रका जिल्ला इन्चार्ज विजय गौतमलगायत पार्टीका विभिन्न तहका नेता तथा कार्यकर्ता र सयौं विद्यार्थीको उपस्थिति रहने अखिल क्रान्तिकारी मक्वानपुरका अध्यक्ष श्रवणकुमार बर्तौलाले जानकारी दिए । सम्मेलन हेटौंडाको पल्पसा होटलमा विहान ११ बजेबाट सुरु हुने उनले बताए ।

अखिलको सम्मेलनले नयाँ कमिटी चयन गर्ने जनाइएको छ । सकेसम्म सहमतिको प्रयास हुने र सहमति जुट्न नसकेको अवस्थामा लोकतान्त्रिक अभ्यास अनुसार अघि बढ्ने अध्यक्ष बर्तौलाले बताए । कूल २३० जना मतदाता रहेको र नयाँ कमिटी ४१ देखि ६१ जनासम्मको बन्ने उनले बताए ।

सभापतिका लागि जिल्ला कोषाध्यक्ष बुद्धराज अर्याल, जिल्ला कार्यालय सदस्य दीपक वाइबा, जिल्ला सहसचिव राजेन्द्र मुक्तान, जिल्ला वरिष्ठ उपाध्यक्ष अन्जु तुम्सिङ मगर र जिल्ला सचिवालय सदस्य तथा मकवानपुर क्याम्पसका स्ववियू सभापति छोइसाङ लामाले दावी गरेका छन् । इतिहासमा पहिलोपटक अखिल क्रान्तिकारीले स्वतन्त्र विद्यार्थी युनियनको सभापति जितेपछि अखिलको नेतृत्वमा होडबाजी नै चलेको छ ।

# जनप्रिय माविलाई टेलिकमको नि:शुल्क फाइवरनेट



साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ जनप्रिय मावि हेटौंडा-१६ लाई नेपाल टेलिकम हेटौंडाले १ वर्षको नि:शुल्क एनटी फाइवरनेट सुविधा उपलब्ध गराएको छ । टेलिकमले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मकवानपुरका १५ विद्यालयलाई यस्तो सेवा प्रदान गरेको बताइएको छ ।

एक कार्यक्रमबीच जनप्रिय माविलाई नि:शुल्क फाइवरनेट हस्तान्तरण गरिएको हो । हेटौंडा-१६ का अध्यक्ष रामकृष्ण कोईरालाको प्रमुख आतिथ्यता तथा नेपाल टेलिकम हेटौंडाका प्रमुख सुशीलप्रसाद साहको विशेष आतिथ्यता रहेको कार्यक्रमलाई विद्यालय व्यवस्थापन समिति अध्यक्ष मोहनप्रसाद बस्ताकोटीले अध्यक्षता गरेका थिए । कार्यक्रममा नेपाल टेलिकम हेटौंडाका लेखाअधिकृत र मेशप्रसाद खतिवडा, व्यापार अधिकृत दीपक खड्का, सहायक व्यापार अधिकृत श्रीराम खतिवडा, विद्यालयका सल्लाहकार गुञ्जबहादुर न्यौपाने, अर्जुनप्रसाद वाग्ले, विद्यालयका प्रधानाध्यापक भूपेन्द्र चौलागाई लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रधानाध्यपक चौलागाईले दातृसंस्थालाई धन्यवाद ज्ञापन गरेका थिए भने टेलिकमका तर्फबाट प्रमुख साहले सहयोगबाट विद्यालयको पठनपाठनमा थप टेवा पुग्ने अपेक्षा व्यक्त गरेका थिए । जनप्रिय मिडिया विभाग संयोजक सुनिल गौतमले सञ्चालन गरेको कार्यक्रमलाई शिक्षक संप्रस पौडेलले व्यवस्थापन गरेका थिए । कार्यक्रममा शिक्षकहरु अनिता तिमल्सिना, अप्सरा दुलाल, गोपाल घिमिरे लगायतको उपस्थिति थियो ।

यसैगरी, राष्ट्रव्यापी खुला कविता प्रतियोगितामा जनप्रिय मावि हेटौंडा-१६ की एरिना चौलागाईसहित ३ कविहरु उत्कृष्ट घोषित भएका छन् । मदन भण्डारी फाउण्डेशन हेटौंडाले आयोजना गरेको खुला कविता प्रतियोगितामा उनीहरु उत्कृष्ट घोषित भएका हुन् । प्राप्त भएका कवितामध्ये पहिलोचरणमा १० उत्कृष्ट कविता छनोट भएपछि दोस्रो चरणमा उत्कृष्ठ ३ कवि छनोट गरिएको हो ।

विजेताहरु एरिना चौलागाईं, बैकुण्ठ लामिछाने र कृष्मा लौडारीले जनही ६ हजार पुरस्कार राशीसहित प्रमाणपत्र प्राप्त गरेका थिए । बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमलाई विशाल अधिकारी आशुतोषले सञ्चालन गरेका थिए । प्रतियोगिताको निर्णायकमा भने साहित्यकार घनश्याम घिमिरे, मनोज पोखरेल र भावना सापकोटा रहेका थिए ।

# रकमान्तर गर्न दिने मन्त्रिपरिषद् निर्णय, कसरी रोक्ने वर्षान्तको खर्च ?

काठमाडौं, १३ असार/ मन्त्रिपरिषद्ले अर्थ मन्त्रालयलाई बजेट रकमान्तर गर्न अनुमति दिने निर्णय गरेको छ । रकमान्तर नगर्ने हो भने सरकारको बजेट खर्च प्रभावित हुने तथा काम गरिसकेका परियोजनाको भुक्तानी नै रोकिने अवस्था भएकाले रकमान्तरको निर्णय भएको मन्त्रिपरिषद् कार्यालय स्रोतले बतायो । गत सोमबारको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो ।

'विनियोजन ऐन तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन तथा चालु आर्थिक वर्षको विनियोजन ऐनमा कुल बजेटको १० प्रतिशतसम्म रकमान्तर गर्न पाउने व्यवस्था छ,' सम्बद्ध स्रोतले संचारकर्मीसँग भन्यो, 'तर, चालु आर्थिक वर्षको बजेटमा असार महिनामा रकमान्तर नगर्ने उल्लेख भएकाले त्यसलाई खोल्न मन्त्रिपरिषद्ले निर्णय गरेको हो ।'

सुरुमा विनियोजन भएका आयोजनामा रकम खर्च नहुने तर काम भएका ठाउँमा खर्च गर्न बजेट अभाव हुने समस्या समाधान गर्न सरकारले रकमान्तर गर्दै आएको छ । तर, हरेक वर्ष सरकारले ठूलो बजेट रकमान्तर गरेर खर्च गर्दै आएको छ । गत आव २०७९/८० मा पनि सरकारले ९५ अर्ब २९ करोड रुपैयाँ रकमान्तर गरी खर्च गरेको थियो । यो उक्त आवमा विनियोजन भएको कुल बजेटको ५.३१ प्रतिशत हो ।

यसमध्ये असारमा मात्र २३ अर्ब १० करोड ६५ लाख र कमान्तर भयो । त्यसमध्ये पनि असार अन्तिम सातामात्र १३ अर्ब ८१ करोड ९९ लाख रकमान्तर गरेको तथ्यांक छ । यही परम्परा चालु आव २०८०/८१ को बजेटमा पनि दोहोरिने भएको हो ।

अर्थ मन्त्रालयका अनुसार निर्माण व्यवसायीको भुक्तानी सहित सहज बनाउन यस वर्ष पनि ठूलो बजेट रकमान्तर गरी खर्च गरिँदैछ । अर्थका एक उच्च अधिकारी यसरी वर्षको अन्तिममा रकमान्तर गर्नुलाई बाध्यता भन्छन् । 'अन्तिममा आएर अदालतको आदेश अनुसार निजामती कर्मचारीको तलबभत्तामै ठूलो रकम थप खर्च गर्नुपरेको छ, पेन्सको दायित्व पनि छ । ठेक्कापट्टाको काम भइसकेको रकम भुक्तानी गर्न पनि रकमान्तर गर्नुपरेको हो,' उनले भने ।

रकमान्तर गर्दा खर्चको पारदर्शितामा मानिसहरूले प्रश्न उठाइरहे पनि मन्त्रालयले जिम्मेवार भएर यो काम गर्ने उनले बताए । बजेट विनियोजन गर्दा नै पूर्वतयारी सम्पूर्ण रूपमा सकिएका आयोजनामा पर्याप्त रकम नराख्ने, अध्ययन नै नभएका आयोजनामा बजेट राख्ने प्रवृत्ति रहेकाले आर्थिक वर्षको अन्तिममा सधैं रकमान्तर गर्नुपर्ने अवस्था रहेको वरिष्ठ अर्थशास्त्री डा. डिल्लीराज खनाल बताउँछन् ।

विनियोजनदेखि कार्यक्रम कार्यान्वयनसम्म बजेट प्रणालीमा नै समस्या रहेकाले हरेक वर्ष रकमान्तर बढिरहेको उनको भनाइ छ । बजेट निर्माणकै समयमा कार्यान्वयन कार्ययोजना समेत नबनाएसम्म वर्षान्तको खर्च र रकमान्तरमा सुधार नहुने उनी बताउँछन् ।

'बजेट बक्तव्यमा एउटा भनिन्छ, गर्दा अर्कै हुन्छ,' उनी भन्छन्, 'जे भनिन्छ, जे लेखिएको छ, त्यसको अक्षरश: पालना गर्ने हो भने हरेक वर्ष उस्तै नियति दोहोरिँदैन ।' आयोजना कार्यान्वयन गर्दा समय सीमा तोकेर समयभन्दा अगाडि काम सक्नेलाई पुरस्कृत र नसक्नेलाई दण्डित गर्न सक्ने हो भने आगामी दिनमा सुधार गर्न सकिने उनले बताए ।

पहिला बजेट बनाएर पछि कार्ययोजना बनाउँदा तालमेल नमिल्ने भन्दै उनले मध्यमकालीन खर्च संरचना र आवधिक योजनालाई नै बजेटसँग ठिक ढंगले तालमेल मिलाउन सुझाव दिए । बजेट आइसकेपछि त्रैमासिक मूल्यांकनलाई औपचारिकतामा सीमित नगरी प्रभावकारी बनाउन सके आव अन्तिममा चापमा काम गर्नुपर्ने बाध्यता हट्ने उनले बताए ।

'बजेट बनाउने बेलामा नै कार्ययोजना बनाउनुपर्छ, कसरी कार्यान्वयनमा लगिन्छ, ठेक्कापट्टा कसरी गरिन्छ, ती सबैलाई एउटा परिपाटीभित्र ल्याएर कार्यान्वयन गर्न सके सुधार सम्भव छ,' उनले भने । ऐनले दिन्छ रकमान्तर अधिकार, तर आफ्नै घोषणामा टिक्न मुस्किल

आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐनले सरकारलाई र कमान्तर अधिकार दिएको छ । तर, त्यसमा सर्त तोकिएका छन् । सर कारले पूँजीगत बजेटबाट चालु स्रोतमा रकमान्तर गर्न सक्दैन । नियमानुसार राष्ट्रिय गौरवका आयोजनाको विनियोजित बजेट समेत रकमान्तर गर्न पाइँदैन । तर, यसलाई सरकारले व्यवहारमा कार्यान्वयन गर्न सकेको छैन ।

चालु आवको विनियोजन ऐनमा पनि सरकारले कुल विनियोजनको १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाउने व्यवस्था गरिएको छ । एउटै अनुदान संकेतभित्र रकमान्तर गर्दा जतिसुकै रकमान्तर गर्न सकिने विनियोजन ऐन २०८० मा उल्लेख छ । तर, पूँजीगत शीर्षकको बजेट वित्तीय लगानी तथा ऋणको सावाँब्याज भुक्तानीमा बाहेक अन्यत्र रकमान्तर गर्न नपाइने विनियोजन ऐनमा उल्लेख छ ।

सरकारले चालु आवको बजेट ल्याउँदा सुरुमा कात्तिकसम्म र अन्तिममा असारमा रकमान्तर नगर्ने घोषणा गरेको थियो । तर, विनियोजन विधेयकमा यस्तो कुनै व्यवस्था थिएन । त्यसो हुँदा आर्थिक कार्यविधि तथा विनियोजन ऐन बमोजिम अर्थ मन्त्रालय आफैंले र कमान्तर गर्न सक्ने भए पनि मन्त्रि परिषद्बाट निर्णय गरेरै यस सम्बन्धी व्यवस्था गरिएको हो ।

महालेखा परीक्षकको कार्यालयले यस्तो समस्या दोहोरिन नदिन बजेट तर्जुमाका समयबाटै पर्याप्त गृहकार्य गर्न सुझाव दिएको छ । कार्यालयको ६१औं प्रतिवेदनमा प्राविधिक अध्ययन र तयारी बेगर का आयोजना छनोट गरी बजेट तथा कार्यक्रममा राख्दा समेत अन्तिम समयसम्म बजेट खर्च नहुने र र कमान्तर गरी खर्च बढाउनुपर्ने बाध्यता रहेको उल्लेख छ ।

महालेखाले कार्ययोजना बनाएर विनियोजित बजेट खर्च गर्न समेत सुझाएको छ । आव सुरुबाटै ठेक्का बन्दोबस्ती प्रक्रिया थाल्न सजिलो होस् भन्ने उद्देश्यले नयाँ आव आउनुभन्दा ४५ दिन अगावै बजेट ल्याइन्छ । तर, पूर्वतयारीको कागजी काम समेत नगरी सरकारी निकायले ६/७ महिना बिताउने गर्छन् । यसमा वर्षायाम, चाडबाड जस्ता बहाना सरकारी निकायलाई मिल्ने गरेका छन् ।

**योजना र विनियोजनबीच छैन तालमेल**

सरकारले सामान्यतया आवधिक योजना, मध्यमकालिन संरचना र नीति तथा कार्यक्रममा आधारित भई नयाँ आर्थिक वर्षको बजेट बनाउने प्रचलन छ । तर, व्यवहारमा योजना र विनियोजनबीच तालमेल देखिँदैन । आगामी आर्थिक वर्षको बजेट बनाउने बेलासमेत मध्यमकालीन खर्च संरचनाको अनुमान र यथार्थ बजेटबीच मेल खाएको छैन । स्रोत अनुमान समितिले दुई पटक सम्म बजेटको सिलिङ तोक्नु परेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# बालजागृतिकी छत्कुली एसईईमा जिल्ला प्रथम




साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ हेटौंडा-२, स्थित बालजागृति इंग्लिस सेकेण्डरी बोडिङ स्कुलकी छात्रा रीतिका छत्कुलीले एसईई परीक्षामा उत्कृष्ट प्रदर्शन गर्दै मकवानपुर जिल्लामा प्रथम स्थान हासिल गरेकी छिन् ।

बिहीबार सार्वजनिक भएको नतिजाअनुसार छत्कुलीले ४ जीपीए प्राप्त गरेकी हुन् । हेटौंडा-२, निवासी छत्कुलीले विहीबार प्रकाशित एसईई परीक्षाको नतीजा अनुसार ४ जीपीए हासिल गर्न सफल भएकी हुन् । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका अनुसार उनी जिल्लाबाट परीक्षामा सहभागी ५ हजार ७ सय ५२ जनामध्ये उत्कृष्ट भएकी हुन् । उनी देशभरको सर्वोत्कृष्ट १८६ विद्यार्थीमध्ये समेत पर्न सफल भएकी छन् ।

बालजागृतिबाटै विद्यालय शिक्षाको सुरुवात गरेकी छत्कुली असाध्यै अनुशासित र मेहेनती विद्यार्थी रहेको विद्यालयका प्रिन्सिपल विनोद सुवेदीले जानकारी दिए । 'उनी हाम्रो विद्यार्थीमध्ये मेधावी छात्रा हुन्', प्रिन्सिपल सुवेदीका अनुसार विद्यालयमा सधैं प्रथम भइरहने उनी विज्ञान तथा गणित प्रदर्शनी र वक्तृत्वकलामा जिल्लामा प्रथम भइरहन्थिन् । साहित्यमा समेत रुची भएकी उनलाई विद्यालयले छात्रवृत्ति प्रदान गर्दै आइरहेको थियो ।

# वडाध्यक्ष थिङमाथि छानवीन गर्न वडा सदस्यको निवेदन

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ मकवानपुरको थाहा नगरपालिका-७ का वडाअध्यक्ष शिवराज थिङले मनोमानी योजना तर्जुमा गरेको आरोपमा वडासदस्यहरुले छानवीनको माग गरेका छन् ।

७ नम्बर वडाका ३ जना वडासदस्यहरुले १२ असारमा छानवीनको लागि नगरप्रमुख विष्णु विष्ट समक्ष निवेदन पेश गरेका हुन् । आर्थिक वर्ष २०८१/८२ को योजना तर्जुमा गर्दा वडाध्यक्ष थिङले मनोमानी तथा गैरकानूनी रुपमा योजना तर्जुमा गरी नगरसभामा पेश गरेको वडासदस्यहरुको आरोप छ ।

यसरी निवेदन दिने सदस्यहरुमा देवेन्द्र थापामगर, हरि माया बुलुन र हरिमाया बिक रहेका छन् । निवेदन बुझ्दै थाहा नगर प्रमुख बिष्टले यस विषयमा छलफल गरी समस्या समाधान गरिने प्रतिक्रिया दिए । आफूहरुले पटकपटक टोल भेला गराई बजेट विनियोजन गर्नुपर्नेमा जोड दिँदा पनि बेवास्ता गरी एकल निर्णयले अध्यक्ष थिङले पूर्वाग्रही ढंगले बजेट बाँडफाँड गरी सभामा पेश गरेको वडासदस्य बुलुनको भनाइ थियो ।

वडाअध्यक्ष थिङले आर्थिक वर्ष २०८१/८२ को वडाको सिलिङ बजेट एकल निर्णयद्वारा विनियोजन गरेको भन्दै वडा सदस्यहरुले ७ असारमा सम्पन्न नगर सभाको पहिलो बैठकमा पनि विरोध गरेका थिए ।

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI०००२४७१ | हरी कोइराला | हेटौंडा-०८, मकवानपुर |


# हेटौंडामा मुख्य न्यायाधीवक्ताहरुको प्रथम सम्मेलन सुरु




साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ बागमती प्रदेशको राजधानी हेटौंडामा मुख्य न्यायाधीवक्ताको प्रथम सम्मेलन सुरु भएको छ । मुख्य न्यायाधीवक्ताको कार्यालय हेटौंडाद्वारा आयोजित सम्मेलन बिहीबारबाट सुरु भएको हो ।

शुक्रबारसम्म हुने सम्मेलन बागमती प्रदेशका मुख्य न्यायाधीवक्ता ज्ञानेन्द्र नेपालको सभाध्यक्षतामा उद्घाटन भएको हो । बागमती प्रदेशसभाका सभामुख भुवन पाठकले कानुन निर्माणमा पर्याप्त छलफल र अनुसन्धान हुन नसकेको औंल्याए । सभामुख पाठकले प्रदेशसभाबाट ७८ वटा ऐनहरु निर्माण गरेपछि ती ऐनहरु पर्याप्त हुन नसकेको उल्लेख गरे । यस्तै, कार्यक्रममा प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले संघीय सरकारले कतिपय कानुनहरु नबनाउँदा प्रदेश सरकारलाई कानुन कार्यान्वयन गर्न समस्या परेको बताए ।

उनले राजनीतिक रुपमा नेपालमा संघीयताले सही दिशा समातेको दाबी गर्दै यद्यपि कार्यान्वयनको पाटोमा देखिएका समस्याहरु विस्तारै हल हुँदै जानेमा आफू विश्वस्त रहेको उल्लेख गरे । यसैगरी, सम्मेलनलाई सम्बोधन गर्दै महान्यायाधीवक्ता दिनमणि पोखरेलले संघीयताको बारे आएका नकारात्मक टिप्पणीलाई चिर्ने गरी मुख्य न्यायाधीवक्ताहरुले काम गर्नुपर्नेमा जोड दिए ।

उनले संविधान र कानुनले निर्दिष्ट गरेका जिम्मवारीहरु पुरा गर्नेतर्फ अग्रसर हुन प्रदेशका मुख्य न्यायाधीवक्ताहरुलाई आग्रह गरे । कार्यक्रममा प्रदेश सरकारका मन्त्रीहरु, प्रदेशका मुख्य न्यायाधीवक्ता लगायतको आतिथ्यता रहेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सचिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना